**डढेलो नियन्त्रण गरौं, वातावरण जोगाऔं ।**

**डढेलोले,**

- वनमात्र नभई जैविक विविधता र सम्पदा पनि नष्ट गर्दछ,
- वातावरणीय प्रदूषण बढाउँछ,
- भूक्षय बढाउँछ,
- पानीको मूल सुकाउँछ,

त्यसैले,

वन पैदावारको सङ्कलन तथा खेती किसानीमा आगोको प्रयोग गर्दा सावधानी अपनाऔं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

PRATEEK DAILY

# प्रतीक

राष्ट्रिय 'क' वर्ग

दैनिक

eprateekdaily.com

**जनहितमा जारी सन्देश**

- चर्को गर्मीमा रिङ्टा लाग्ने ।
- कीरा फटचाङ्ग्राको प्रकोप बढ्ने ।
- खाद्यजन्य प्रदूषणको खतरा हुन्छ । जोगिएर बसौं ।
- 'लू'को बेला वृद्धवृद्धा नागरिक घरभित्रै बसौं । बिहान र बेलुका मात्र भ्रमण वा अन्य कामले बाहिर निस्कौं ।

**वीरगंज महानगरपालिका**
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ वैशाख २९ गते शनिवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 May 11 Saturday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २४८

## दलित सहभागितामा पोखरियामा महायज्ञ शुरू


तस्वीरः प्रतीक

धर्मेन्द्र चौरसिया, पोखरिया, २८ वैशाख/

पोखरिया नगरपालिका–४ मा शुक्रवारदेखि विष्णु महायज्ञ शुरू भएको छ । बिहीवार कलशयात्रा गरिएको र आजदेखि महायज्ञको कथावाचनसहित पूजन कार्य शुरू भएको छ ।

महायज्ञमा २५ जना वेदी पूजामा सहभागी छन् र त्यसमध्ये सातजना दलित समुदायबाट रहेका महायज्ञ आयोजक समितिका अध्यक्ष लक्ष्मण साह कानूले बताए ।

दलित उत्थान सामुदायिक समूहका अध्यक्ष मनिलाल रामले पोखरियावासीले दलितहरूलाई वेदी पूजामा सहभागी गराएर संविधानको पालना गर्नुका साथै समाजलाई नयाँ सन्देश दिएको बताए । उनले पर्सा जिल्लाकै विभिन्न पालिकाहरूमा दलितहरूलाई पूजाको अन्य कार्यमा सहभागिता गराउने तर वेदी पूजामा सहभागी नगराउने र सो कुरालाई लिएर विवाद हुँदै आएकामा पोखरियाले सन्देश दिएको बताए । उनले पोखरियामा जारी महायज्ञमा दलित समुदायहरूसँग कुनै पनि भेदभाव नगरिएको र छुवाछूतविरुद्धको आन्दोलनमा उत्कृष्ट साबित भएको दाबी गरे । अहिले वेदी पूजामा दलित समुदायबाट जादोलाल, गम्भीरा, जुगल, रमयाद, बाबुलाल, मोतीलाल र मनोज राम गरी सातजना सहभागी छन् । वेदी पूजामा उनीहरूसँगै निजका पत्नीहरू पनि छन् । वेदी पूजामा विवाहिता महिला–पुरुष दुवैजना सहभागी हुनुपर्ने प्रावधान छ ।

यसअघि, छिपहरमाई गाउँपालिकामा भएको महायज्ञमा दलितहरूलाई वेदी पूजामा सहभागी गराइएको थिएन । सोको विरुद्ध दलितहरूले महायज्ञको पूजन कार्य बहिष्कार गरेका थिए । उनीहरूको सहभागितामा चन्दा सङ्कलनलगायत महायज्ञको तयारी गरिएको तर अन्तिम समयमा वेदी पूजामा बस्न नदिएपछि उनीहरूले शान्तिपूर्णरूपमा पूजा बहिष्कार गरेका थिए ।

यसैगरी, गत वर्ष अलौंमा पनि छिपहरमाई जस्तै यज्ञका सबै काममा दलित सहभागिता गराइएको थियो भने वेदी पूजामा उनीहरूलाई सहभागी नगराइएपछि ठूलो विवाद भएको थियो । सखुवाप्रसौनीमा भएको महायज्ञमा पनि दलितहरूलाई सहभागी गराइएको थिएन ।

महायज्ञ आयोजक समितिका अध्यक्ष कानूले आजदेखि महायज्ञ विधिवत्‌रूपमा सञ्चालन भएको र जेठ ४ गते पूर्णाहुति भएर समापन हुने बताए । विश्व शान्तिको कामनासहित महायज्ञ आयोजना गरिएको र यसबाट पोखरियावासीको भलो हुने उनले विश्वास व्यक्त गरे ।

महायज्ञमा अयोध्याका रामप्रकाश गर्गको नेतृत्वमा १४ जना ब्राह्मणको टोलीले बिहान र साँझ वेदी पूजा गर्ने र साँझ अयोध्याबाटै आएको टोलीले रामलीला, रासलीला प्रदर्शन गर्ने आयोजक कमिटीले जनाएको छ ।

महायज्ञस्थल वडा नं ४ मा हिजोदेखि माछामासु र मदिराजन्य पदार्थको बिक्री बन्द गरिएको छ । महायज्ञका लागि वैशाख ३ गतेदेखि ध्वजारोहण गरिएको र त्यस बखतदेखि वडामा माछामासु घरमा खान प्रतिबन्ध लगाइएको थियो । बिक्रीका लागि भने हिजो कलशयात्रापछि प्रतिबन्ध गरिएको छ र जेठ ४ गते पूर्णाहुतिपछि माछामासु, मदिराको बिक्री खुला हुने आयोजक कमिटीले जनाएको छ ।

## झुनझुनवालाले किसानलाई ठग्न खोजेको आरोप

प्रस, वीरगंज, २८ वैशाख/

विन्ध्यवासिनी गाउँपालिकाका दुई दर्जन किसानले एकजना उद्योगपतिले आफूहरूलाई जग्गा खरीद गर्ने भनेर बैना दिएको र पछि अदालतमा मुद्दा दिएर दुःख दिएको आरोप लगाएका छन् ।

नेपाल पत्रकार महासङ्घ पर्साको सभाकक्षमा शुक्रवार पत्रकार सम्मेलन गर्दै विन्ध्यवासिनी गापा–२ का किसानहरू रामेश्वर साह रौनियार, भरत मुखिया, भिखारीराउत कुर्मी, अम्बरराउत कुर्मी, अमृत हजरालगायतले वीरगंज महानगरपालिका–१० बस्ने सुमितकुमार झुनझुनवालाले विन्ध्यवासिनी गापा–८ गर्दौलनजीकको जग्गा खरीद गर्ने भनेर आफूहरूलाई बैना दिएको र सोबापत कागज गराएको तथा जग्गा रजिस्ट्री नगरेर अल्झाएको र अहिले आएर पर्सा जिल्ला अदालतमा बैनाबमोजिमको रकम माग गर्दै मुद्दा दिएको बताए ।

उनीहरूले पाँच बिघा १० कट्ठा जग्गा खरीदको लागि विन्ध्यवासिनी गापा–८ गर्दौल, रामनगरी, फूलकौलका किसानहरूका घरघरमा गएर बैनाबापतको रकम दिएपछि रजिस्ट्री गर्ने आश्वासन दिएको र पटकपटक रजिस्ट्रीका लागि निजको घर, कारखानामा धाउँदा पनि रजिस्ट्री नगरेकोमा अहिले आएर आफूहरूसँग ब्याजसहितको रकम माग गर्दै अदालतमा मुद्दा दिएको बताए ।

किसानहरूले आफूहरूले रजिस्ट्रीको लागि कहिले पनि बाधा अवरोध नगरेर


तस्वीरः प्रतीक

अहिले पनि बैनाबापतको जग्गा रजिस्ट्री गर्न तयार रहेको बताए । किसानहरूले आफूले बैना लिएर सो रकम खर्च गरेको र सोको फाइदा उठाउँदै झुनझुनवालाले आफूहरूको जग्गा सरकारी दाममा लिलाम गर्ने प्रपञ्च रचेको बताए ।

उनीहरूले अदालतमा मुद्दा दिनुको कारण बैनाबापतको रकम किसानहरूले फिर्ता गर्न नसक्ने र सो जग्गा लिलाम गरेर सरकारी दररेटमा सकार गर्ने कुनियत रहेको बताए । किसानहरूले बैना अनुसारको जग्गाको मूल्याङ्कन गरी अदालतले आफूहरूलाई सोही अनुसारको निसाफ दिनुपर्ने माग गरेका छन् । उनीहरूले बैना भएको समयमा गरिएको कबुल अनुसारको रकम दिएर रजिस्ट्री गर्न तयार रहेको बताए । झुनझुनवालाको वीरगंज–१० मा श्रीसिया नदीसँग जोडिएको केमिकल कारखाना छ । सो कारखानाको रसायनयुक्त पानी श्रीसिया नदीमा विसर्जन गर्न महानगरले रोक लगाएपछि निजले कारखाना विन्ध्यवासिनी गापामा सार्ने प्रयास गरेका थिए । सोको लागि उनले त्यहाँका किसानहरूसँग जग्गा खरीदको लागि पहल गरेको र अहिले आएर अदालतमा मुद्दा दिएर किसानहरूको जग्गा सरकारी दररेटमा हडप्ने प्रपञ्च रचेको बताइन्छ ।

## अवकाशप्राप्त शिक्षकशिक्षिकाहरूको बिदाइ

प्रस, वीरगंज, २८ वैशाख/

वीरगंज महानगरपालिका–११ स्थित



तस्वीरः प्रतीक

नेपाल राष्ट्रिय विद्यापीठ माविले शुक्रवार अवकाशप्राप्त पाँचजना शिक्षकशिक्षिकालाई बिदाइ गरेको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष सुन्दरप्रसाद कुर्मी र शिक्षा विकास समन्वय एकाइ पर्साका प्रमुख मोतीराम भट्टराईले अवकाशप्राप्त प्रावि तहका विद्या सत्याल, रमा जोशी, वीरेन्द्र तिवारी शास्त्री, सुनीता हमाल र निमावि तहकी सुशीला श्रेष्ठलाई सम्मानसहित बिदाइ गरेका थिए ।

कार्यक्रममा वीरगंज महानगरका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्दलाल कर्ण, प्रधानाध्यापक अनिल वर्णवाललगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष कुर्मीले विद्यालयकी शिक्षिका स्व मुना पन्त लोहनी र निजका छोरा स्व हेमन्त लोहनीको सम्झनामा पति मुर्लीदत्त लोहनीले आठ लाख रुपैयाँको अक्षयकोष स्थापना गरेको र सोको ब्याजबाट वार्षिक दुईजना शिक्षक/शिक्षिकालाई पुरस्कृत गरिने बताए ।

उनले यसअघि विद्यालयको आर्थिक अवस्थाले नभ्याएर अवकाशप्राप्त शिक्षकशिक्षिकाहरूको बिदाइ गर्न नसकिएकोले यसपटक पाँच वर्ष अघिदेखि अवकाशप्राप्त पाँचजनालाई ससम्मान बिदाइ गरिएको बताए ।

## शुक्रवार पनि वीरगंजका होटलहरूको अनुगमन

प्रस, वीरगंज, २८ वैशाख/

वीरगंज महानगरपालिका कार्यालय अन्तर्गतको बजार व्यवस्थापन तथा अनुगमन समितिले शुक्रवार पनि वीरगंजका होटलहरूको अनुगमन गरेको छ ।

वीरगंजस्थित मकालु, डिलाइट, जायका बिरयानी, सम्मा बिरयानीलगायतमा अनुगमन गरिएको थियो । अनुगमनको क्रममा होटल मकालुको फ्रिजमा मिति सकिएको एक बोतल बियर बरामद भएको थियो । त्यसैगरी, शाकाहारी र मांसहारी दुवैथरीका सामग्रीहरू फ्रिजमा भण्डारण गरिएको पाइएको बजार अनुगमन समितिका सचिव विपिनलाल दासले बताए । यसैगरी, सो होटलले महानगरबाट व्यवसाय दर्ता प्रमाणपत्रको नवीकरण नगराएकोले नवीकरणको लागि निर्देशन



तस्वीरः सौजन्य

दिइएको बताए । होटल डिलाइटको भान्साघरको फ्रिजमा पनि मासुजन्य पदार्थहरूलाई र्‍याप गरी नराखेको र होटलले व्यवसाय प्रमाणपत्र पनि नवीकरण नगरेको दासले बताए । जायका बिरयानीको भान्साघरको फ्रिजमा मासुजन्य पदार्थ अव्यवस्थित तरीकाले राखिएको र सोबाट दुर्गन्ध फैलिएकोले व्यवस्थित तरीकाले राख्न निर्देशन दिएको बताए ।

यसैगरी, छपकैयास्थित सम्मा बिरयानीमा पनि अनुगमन गर्दा त्यहाँ पनि अव्यवस्थित र फोहर तरीकाबाट व्यवसाय भइरहेको पाइएपछि व्यवस्थित र सफा गरी व्यापार गर्न निर्देशन दिएको दासले बताए । महानगरको अनुगमन समितिले बिहीवारदेखि वीरगंजका होटलहरूको अनुगमन शुरू गरेको हो । बिहीवार केएफसी र होटल क्लार्कमा अनुगमन गरेको थियो ।



**प्यास मेट्ने प्रयासः** बाराको चारकोसे झाडी निजगढ नगरपालिका क्षेत्रको सिंगौलस्थित सुके पोखरीमा खाडल खनेपछि जमेको पानीले प्यास मेट्दै चरा । सुक्खायाममा प्यासले व्याकुल बनेका चराचुरुङ्गी, वन्यजन्तुहरूले यहींको पानी पिएर प्यास मेट्ने गरेका छन् । दुई वर्ष अघि राष्ट्रपति चुरे तराई–मधेस संरक्षण विकास समितिले यस पोखरीको मर्मतसम्भार गरी सुक्खायाममा पानी जमाउने प्रयास गरेसँगै वन्यजन्तुलाई राहत मिलेको छ । तस्वीरः जीतलाल श्रेष्ठ/प्रतीक

## विचारसार र सूक्तिहरू

**फटाहा मानिसको ठूलो स्वरले मानिसलाई चुप लगाइदिन सक्छ तर इमानदार मानिसको मौनताले फटाहा मानिसको जग हल्लाइदिन सक्छ ।१**


| | | |
|---|---|---|
| प्रकाशक | : | प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : | जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : | विकाश शर्मा |
| सम्पादक | : | शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : | आरके पटेल |
| बारा विशेष प्रतिनिधि | : | गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com
Website: www.eprateekdaily.com


# पोखरियाको उदाहरणीय कार्य

**पोखरिया नगरपालिका–४ पोखरिया बजारमा वैशाख २८ गतेदेखि सञ्चालित नौ दिने विष्णु महायज्ञमा सो वडाका सातजना दलित वेदी पूजामा सहभागी भएका छन्। उनीहरूलाई महायज्ञ आयोजक समितिले वेदी पूजालगायतका कार्यक्रममा सहज सहभागिता गराए। महायज्ञका लागि दुई महीनादेखि गरिएको चन्दा सङ्कलन, यसै महीनाको ३ गते गरिएको ध्वजारोहण र हिजो गरिएको कलशयात्रामा पनि दलितहरूको सहभागिता थियो। पोखरिया नगरपालिका अहिले पर्सा जिल्लामा दलित सहभागिता गराउने पालिकामा निर्विवाद देखिएको छ। यसअघि पर्सा जिल्लाको छिपहरमाई गाउँपालिकाको मिर्जापुरमा वैशाख ८ गतेदेखि शुरू भएको लक्ष्मीनारायण महायज्ञको वेदी पूजामा दलितलाई बस्न निषेध गरिएको थियो। आफूहरूलाई वेदी पूजामा सहभागी नगराइएपछि त्यहाँको दलित समुदायले कलशयात्रा बहिष्कार मात्र गरेनन्, पूजाका अन्य कार्यक्रम पनि बहिष्कार गरे। उनीहरूले महायज्ञका पूजालगायतका कार्यक्रम बहिष्कार गरे पनि महायज्ञ बिथोल्ने कुनै काम गरेनन्।**

**नेपालको संविधानले छुवाछूत स्वीकार गरेको छैन र यसको बर्खिलाप जानेलाई कानूनी कारबाहीको व्यवस्था गरेको छ। पर्साका दलितहरूले भने संविधानमा गरिएको यो व्यवस्था लागू गर्ने अधिकार प्राप्तिका लागि स्थानीय प्रशासनको ध्यानाकर्षण गराउँदै आएका छन्। तर पनि स्थानीय प्रशासन र महायज्ञ आयोजना हुने पालिकाका जनप्रतिनिधिहरूले दलितहरूलाई यस कुरामा न्याय दिलाउन सकेका भने छैनन्। भन्नका लागि महायज्ञ विश्वशान्ति, देश र समाज शान्तिका लागि आयोजना गरिएको उद्घोष गरिन्छ। तर समाज, देश र विश्वमा नै अपहेलित दलित समाज भने शान्तिको कामना गर्न आयोजित महायज्ञहरूमा नै अपहेलित हुन बाध्य पारिएका दृष्टान्तहरू निरन्तर देखिँदै आएका छन्। वेद, पद्धति र शास्त्रले कर्मको आधारमा ब्राह्मण, क्षत्री, वैश्य र शूद्र गरी चार वर्ण मात्र छुट्याएका छन्। तर हामीकहाँ धर्म, कानून दुवै मान्य छैनन्। यज्ञकर्ता विद्वान् पण्डितहरूले पनि यो कुराको प्रतिवाद गर्नुपर्ने हो तर समाज विरुद्धमा देखिएपछि उनीहरूले पनि शास्त्र र कानूनविपरीत हुने यस प्रकारका गतिविधिविरुद्ध सशक्त आवाज उठाउन सकेका छैनन्। पर्सा जिल्लामा दलितहरूलाई वेदी पूजामा सहभागिता नगराउँदा गत वर्ष पनि विवादहरू भएका थिए।**

**वीरगंज महानगरपालिका–१७ अलौं र सखुवाप्रसौनीमा दलितहरूलाई महायज्ञको अन्य कार्यमा सहभागिता गराइयो तर वेदी पूजा गर्न निषेध गरियो। अलौं र सखुवाप्रसौनीका दलितहरूले समाजले गरेको कानून र शास्त्रविरोधी कार्यको सशक्तरूपमा प्रतिकार गर्न सकेनन् र कलशयात्रामा सहभागिता जनाए। त्यहीं छिपहरमाई गापाका दलितहरू चन्दा सङ्कलनमा सहभागी भए, चन्दा दिए तर वेदी पूजामा नबसाउने निर्णय भएपछि कलशयात्रासमेत बहिष्कार गरे। धार्मिक गतिविधिहरू विवादरहित हुनुपर्छ, धर्मले जात, लिङ्ग, वर्ण छुट्याउँदैन, त्यसमा अधर्म गर्ने दुस्साहस कसैले गर्नै हुँदैन। सबैको भलो होस् भन्ने अभिप्रायले गरिने महायज्ञमा पनि सबैको सहभागितामा** [redacted]

# बुढेसकाल वृद्धाश्रममा, फेसबूकमा आमा दिवसको ओइरो

मानव इतिहासको निकै लामो कालखण्डमा जङ्गली अवस्थामा समेत बुबालाई कसैले नचिने पनि आमालाई भने सबैले चिन्थे। आमा र सन्तानबीचको निकटता, माया, प्रेम, वात्सल्य आदि यी कुराहरूलाई प्रकृतिको अद्वितीय उपहार भने पनि हुन्छ। हामी सबैलाई थाहा भएकै विषय हो– आमाविना सन्तानको कल्पना पनि गर्न सकिंदैन। तर आजको २१औं शताब्दीको आधुनिक अवस्थासम्म आइपुग्दा आमाहरूले निकै कहालीलाग्दो जीवन तिनै सन्तानका व्यवहारको कारण बिताउन बाध्य रहेको देख्दा मानव सर्वश्रेष्ठ प्राणीभन्दा पनि पैसाको लागि जे पनि गर्न सक्ने निकृष्ट प्राणी हो भन्दा अतियुक्ति नहोला। विश्वका धेरै पूँजीवादी देशहरू जस्तै नेपालमा पनि आमा दिवस यसपटक पनि औपचारिकताकै लागि भएपनि मनाइयो तर विश्वका प्राय: मुलुकहरूमा जस्तै नेपालमा पनि महिला र पुरूषबीच ठूलो विभेद छ। हुनत हामी जन्म दिने आमालाई मात्र होइन, गाईलाई समेत आमा भनिन्छ। जबकि यो अर्को बहस हो कि त्यही गाईलाई दूध दिउन्जेल दाना खुवाइन्छ तर दूध दिन छोडेपछि सडकमा लावारिस छोडिन्छ। पूँजीवादी व्यवस्थाको यो आर्थिक प्रवृत्तिले गर्दा हाम्रो समाजमा गाई मात्रै होइन मानिस आफ्नो देशलाई पनि आमा भन्ने गर्छन् तर पद र पैसाको लागि तिनलाई पनि बेच्न पछि पर्दैन भने जन्म दिने आमालाई वृद्धाश्रम पठाउने, घरपरिवारमा उपेक्षा, दमन र नारकीय अवस्थामा राख्ने गरेको सर्वत्र देख्न सकिन्छ। मध्यम तथा धनाढ्य परिवारका वृद्धवृद्धाहरूसमेत वृद्धाश्रममा देखिन्छन्। घरमैं बस्ने वृद्धवृद्धा कष्टकर जीवन बिताइरहेको देखिन्छ। तर आमा दिवस वा बुबाको मुख हेर्ने दिन सामाजिक सञ्जालहरूमा शुभकामनाको ओइरो लागेको हुन्छ। यस्तो औपचारिकता किन ? यसबारे थोरै चर्चा गरौं–

यस्तो हुनुको मुख्य कारण हाम्रो विभेदयुक्त सामाजिक बनावट हो। हाम्रो सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, प्रशासनिक सबै क्षेत्रमा पुरूषको तुलनामा महिलाको पहुँच ज्यादै न्यून छ। नेपालमा कुल जनसङ्ख्याको आधाभन्दा बढी (५१.५० प्रतिशत) हिस्सा ओगटेका महिलाहरू राज्यका हरेक पक्षमा हुनुपर्ने सङ्ख्यामा अनुपस्थित छन्। प्राय: महिलाहरू, शिक्षामा पकड कमजोर तथा अन्धविश्वास र रूढिवादमा पकड बलियो रहेको कारण पुरुषजन्य हिंसाको शिकार हुनुपरेको यथार्थ छ। परम्परागतरूपमा जातपात, कम उमेरमा विवाह, छोरीभन्दा बढी छोराको महत्त्वजस्ता सामाजिक मान्यताले महिलाको चेतनाको विकास हुन सकेको छैन। लैङ्गिक असमानता, साधन र स्रोतको अवसर आदिमा कमीका कारण महिलाहरूको स्तर निकै पछाडि छ। महिला हक, अधिकार र सशक्तीकरणका लागि विभिन्न गैरसरकारी सङ्घसंस्था तथा सरकारी निकायले सशक्त काम गरिरहेकै विभिन्न तथ्याङ्कमा देखिए पनि त्यो राजाको काम कहिले जाला घाम जस्तै हुन गएको देखिन्छ। नेपालको संविधानमा महिलासम्बन्धी हक सुनिश्चित गरिएको छ। त्यस्तै अन्तर्राष्ट्रियस्तरमा पनि नारीलाई पुरुष सरह हरेक क्षेत्रमा समानता हुनुपर्छ भनिन्छ। तर यी सबै कुराहरू हात्तीको देखाउने दाँत र खाने दाँत फरकफरक भएजस्तै हो।

स्वतन्त्र विचार



बैधनाथ श्रमजीवी
baidhnath2071@gmail.com

**सही अर्थमा आमालाई सम्मान गरेको तब ठहरिन्छ, जब हामी नदीलाई प्रदूषणमुक्त बनाउँछौं, जमीनलाई रूखबिरुवाले हराभरा बनाउँछौं र जनावरहरूको वासस्थान बढाउँदै लान्छौं। हामी केवल मानवको स्वार्थ हेर्दैनौं, सबै जीव र प्रकृतिको रक्षा र विकासको चिन्तन जरुरी छ।**

सामन्तवाददेखि पूँजीवादसम्म महिलाप्रति पुरुष दृष्टिकोण नै भोग्य ठानिएकोले महिलाहरूको यो दयनीय अवस्था विकसित देशहरूमा समेत देखिन्छ। वास्तवमा मानवजातिका लागि धर्तीले जति बोझ थामेकी हुन्छिन्, सन्तान र परिवारका लागि आमाले हाँसीहाँसी त्यतिकै कष्ट उठाउँछिन्। हुनत आमालाई नेपालका सबै धर्म–सम्प्रदायदेखि साहित्य, सङ्गीत र फिल्ममा समेत उच्च स्थान दिएको देखिन्छ तर व्यवहारमा छवि र पहिचान उही भएपनि बदलिंदो समयसँगै नेपाली आमाको भूमिका र शैली थोरै भएपनि परिवर्तन भइरहेको देखिन्छ। बालविवाह र बहुविवाहमा बन्देज, शिक्षा र स्वास्थ्योपचारमा पहुँच, परिवार नियोजन, विद्युत्, सडक, खानेपानी लगायत सुविधाको विस्तारले आमाहरूको जीवनलाई पहिलेभन्दा अपेक्षाकृत सहज बनाएको छ। पहिले त सुत्केरी हुँदै र बच्चा स्याहार्दैमा आधा जीवन बित्थ्यो। तर पनि प्रत्येक ९० सेकेन्डमा एकजना आमाको, बच्चा जन्माउने क्रममा मृत्यु भइरहेको तथ्याङ्क अझै पनि डरलाग्दो नै छ। केही दशक अघिसम्म अधिकांश आमा लेकबेंसी वा तराईको खेतीपातीको आवश्यकतालाई सम्झँदै छोराछोरी हुर्काउँथे। अहिले हिउँ छल्न कुम्लो–कुटुरोसँगै छोराछोरी बोकेर पहाड वा तराई झर्ने हिमाली आमा हुन् या छोराछोरीलाई बाढी, शीतलहर या लूबाट जोगाउन अनेक प्रयत्न गर्ने मधेसका आमा, यिनीहरू सबै आफ्ना सन्तान फराकिलो संसारमा रमेको हेर्न चाहन्छन्। छोराछोरीको स्याहार, घरधन्दा र खेतीपातीमा व्यस्त आमाहरू सन्तानको शिक्षाको तारतम्य मिलाउन लागिपर्छन्।

स्वास्थ्य विभागको डाटा हेर्ने हो भने चार दशक अघि एउटी आमाले सरदर ६.२ सन्तान जन्माउँथिन्, अहिले यो दर ३.१ मा झरेको छ। शहरमा त अझ १.६ मात्रै छ। यो परिवर्तनले आमाहरूलाई छोराछोरी बोल्ने–हिंड्ने भएपछि मन्टेसरी वा किन्डरगार्टेनमा हालेर आफू आयआर्जनमा लाग्न सक्ने बनाएको छ। स्वदेशदेखि विदेशका श्रम बजारमा नेपाली महिलाको बढ्दो उपस्थिति त्यसैको परिणाम हो। यस्तो अद्भुत परिवर्तनबीच खास गरेर ग्रामीण आमाहरू अन्यायमा परिरहेका छन्। उनीहरूले हुर्काइ–पढाइ वा रोजगारका लागि शहर वा विदेश पठाएका सन्तान गाउँघर फर्कन छाडेका छन्। छोराछोरीले शहर वा विदेशमा घरजम गर्नुलाई उनीहरूको प्रगति ठान्दै आमाबुबाहरू सुनसान घरमा चित्त बुझाएर बस्न बाध्य रहेको देखिन्छ। यसरी तन्नेरीहरू विदेशिंदा उजाड गाउँका घरमा एक्लो र अशक्त जीवन बिताउने आमाबुबाको सङ्ख्या बढ्दो छ।

नेपाली समाजमा बेरोजगारी, गरीबी तथा चरम महँगीले गर्दा सन्तानमाथि सन्तान जन्माउनेदेखि छोराछोरीसहित आत्महत्या गर्ने आमाहरूको सङ्ख्या एकातर्फ बढ्दैछ भने अर्कोतर्फ आमाहरूलाई सन्तानहरूले वृद्धाश्रममा लगेर आफ्नो अभिभारा पूरा भएको ठान्ने सन्तानहरूको सङ्ख्या पनि उल्लेखरूपमा बढ्दै गइरहेको देखिन्छ। जबकि छोरालाई मृत्युदण्डबाट जोगाउन आकाश–पाताल एक पार्ने आमाहरू यहाँ छन्। दोलखा, जोगीमाराकी ६७ वर्षीया सन्तकुमारी परियारले १३ छोरा र १२ छोरी जन्माइन्, जसमध्ये सातजना जीवित छन्। ताप्लेजुङकी ७५ वर्षीया तुलसा बरालले २० सन्तान जन्माएर १६ जनालाई बचाइन्। परिवार नियोजनको सुविधा नपाएकी अर्घाखाँचीकी सुन्तली विकले ४५ वर्षको उमेरमा १५ सन्तान जन्माएकी छन्। अहिले तीन नाति–नातिनाकी हजुरआमा बनिसकेकी उनको काखमा चार वर्षकी छोरी पनि छिन्। तर '१२ छोरा १३ नाति बूढाको धोक्रो काँधैमाथि' भनेजस्तै जति धेरै वा थोरै सन्तान जन्माए पनि आमाहरू प्राय: बुढेसकालमा अपहेलनाकै शिकार भएका छन्। छोराबुहारीको खटनमा बाँच्नुपर्ने छोराबुहारीको डरले मनको कुरा छिमेकी वा पाहुनासँग पनि गर्न नपाउने अवस्था अझै कति दशक रहने हो भन्न सकिन्न। तर हत्याको अभियोगमा संयुक्त अरब इमिरेट्समा मृत्युदण्ड सुनाइएका पर्वतका दुर्गाबहादुर सुनारलाई बचाउन आमा मनकुमारी (६४)ले गरेको हारगुहार सन्तानको जीवनरक्षाका लागि आमाले गर्न सक्ने प्रयासको बेजोड उदाहरण बनेको छ। तर सन्तानले यतिधेरै दु:ख गरेर आमाबुबालाई बचाएको कुरा लोककथाहरूमा मात्रै सुन्न पाइन्छ, व्यवहारमा त कतै देखिएको छैन।

गरीबीले गर्दा छोराछोरीलाई खुवाउन नसकेर बझाङकी सञ्जुदेवी पुजारा (३५)ले साउन २०६७ मा सात र पाँच वर्षका छोरासहित स्थानीय माटेखोलामा फाल हालिन्। छोराछोरीलाई विष खुवाउने, इनारमा फालेर आफू पनि आत्महत्याको प्रयास गर्ने आमाहरूका समाचार बेलाबेला आइरहेका छन्। त्यसैले भनिन्छ आमालाई उपेक्षा गर्ने वर्ग–समुदाय कहिले पनि विकास गर्न सक्दैन। प्राय: सबै आमाले सन्तानको सुखमा आफ्नो खुशी देख्छन्। सन्तानप्रति आमाको यस्तो दृष्टिलाई बुढेसकालमा उनीहरूबाट सुरक्षित भइने स्वार्थसँग पनि जोड्ने गरिन्छ। तर पनि बुढेसकालमा आखिर किन सन्तानबाट प्राय: आमाहरूले दु:ख र उपेक्षा मात्रै पाउँछन् ?

यसको मूलमा आमाबुबाको ममता आफ्नो छोराछोरीमा हुनु स्वाभाविक हो। उनीहरूको ममता छोराछोरीप्रति बढी देखिन्छ। यसको निहितार्थ छोराछोरीले बुढेसकालमा आफ्नो सुरक्षा होस् भन्नु हो। तर यो भनेको पानीलाई उकालोतिर लैजाने बराबर हो। जसरी पानी उकालोतिर लग्न विशेष मोटर वा बल जरुरी हुन्छ, त्यसैगरी आफ्नो बालबालिका जस्तै बूढा बुबाआमाको हेरचाह गर्नु सम्पूर्णरूपले विचार गर्नु पूँजीवादी र सामन्ती अर्थ प्रणाली र संस्कृतिले धान्न सक्दैन। यसैले गर्दा प्रत्येक घरमा बूढाबूढी उपेक्षाले ग्रसित छन्। पूँजीवादी उत्पादन प्रणालीले प्रत्येक समाजलाई पूँजीमुखी बनाएको हुनाले उत्पादनप्रति मात्रै उनीहरूको ध्यान केन्द्रित हुने संस्कृति विकसित भइरहेको छ। स्वभावैले बूढाबूढी उत्पादन गर्न सक्दैनन्, खर्च मात्रै बढाउँछन्। यस्तोमा पूँजीवादी संस्कृतिले बूढाबूढीको हेरचाह गर्ने संस्कृति नै विकास गर्न सक्दैन। बरु ठीक उल्टो भविष्यमा उत्पादन गर्ने प्रचुर सम्भावना भएका सन्तानलाई मात्रै उनीहरूले रेखदेख गर्ने, माया–प्रेम गर्ने देखिन्छ। तर लोकलाजको डरले पूँजीवादले औपचारिकरूपमा मदर्स डे, फादर्स डे मनाएर बूढाबूढीलाई सम्मान गरेको नौटङ्की गर्दै आएको दशकौं भइसकेको छ। समाजमा बूढाबूढीहरूलाई यथोचित सम्मान र उनको अनुभवबाट शिक्षा लिन सक्ने अवस्था तयार पार्ने हो भने त्यसको लागि पूँजीवादी समाज र सामन्त संस्कृति दुवैको सट्टा वैज्ञानिक समाजवादी भौतिकवादी समाज र मानववादी तथा प्रकृतिमैत्री संस्कृति जरुरी छ। आज पूँजीवादले गर्दा नदी, पर्यावरण, बोटबिरुवा, जङ्गली जीवजन्तु सबै सङ्कटमा छन्। प्रकृतिमा भइरहेको तीव्र विनाशले सबैतिर प्राकृतिक विपदा घटिरहेको छ, जसबाट प्रकृति नै समाप्त हुने खतरा उत्पन्न हुन पुगेको छ। यसर्थ हामीले सही अर्थमा आमालाई सम्मान गरेको तब ठहरिन्छ, जब हामी नदीलाई प्रदूषणमुक्त बनाउँछौं, जमीनलाई रूखबिरुवाले हराभरा बनाउँछौं र जनावरहरूको वासस्थान बढाउँदै लान्छौं। हामी केवल मानवको स्वार्थ हेर्दैनौं, सबै जीव र प्रकृतिको रक्षा र विकासको चिन्तन जरुरी छ। अनि मात्रै हामीले आमाप्रति सही अर्थमा सद्भाव राखेको ठहरिनेछ। यसको लागि जबसम्म समुदाय समाजवादी समाज निर्माणको दिशामा अगाडि बढ्दैन, तबसम्म आमा दिवस वा बुबाको मुख हेर्ने दिनलगायत चाडपर्व, उत्सवहरू केवल नौटङ्की र औपचारिकतामा मात्रै सीमित रहनेछन् र यस्तो चाडपर्वले पूँजीपतिहरूको व्यापार वृद्धि गर्नुबाहेक अरू कुनै अर्थ राख्दैनन्।

# पर्वतको महाशिलामा घरेलु मदिरा ब्रान्डिङ गर्न शुरू

पर्वत, २८ वैशाख/रासस

पर्वतको महाशिला गाउँपालिकाले ग्रामीण क्षेत्रमा उत्पादन हुने घरेलु मदिरालाई ब्रान्डिङ गर्न थालेको छ। मदिरा ब्रान्डिङका लागि पालिकाले अनुसन्धान शुरू गरेको हो।

पालिकाका विभिन्न वडामा व्यावसायिकरूपमा उत्पादन हुँदै आएका कोदो, भात, सुन्तला, किबीलगायतका मदिरालाई ब्रान्डिङ गर्न पालिकाले अनुसन्धानको काम सर्च नेपालसँग सहकार्य गरेर अघि बढाएको महाशिला गाउँपालिकाका अध्यक्ष ईश्वरीप्रसाद भुसालले बताए। उनका अनुसार गाउँपालिकाको अघिल्लो गाउँसभाबाट घरेलु मदिराको अध्ययन अनुसन्धान गर्ने निर्णय पारित भएको थियो।

छिमेकी जिल्ला स्याङ्जा र कास्कीमा समेत घरेलु मदिरा ब्रान्डिङ गरी बिक्री वितरण गरिरहेको अवस्थामा महाशिलाले पनि कार्यक्रम अघि बढाएको अध्यक्ष भुसालले बताए। घरेलु मदिरा कोदो, मकै, चामल, केरा, भोगटे, जुनार, जौ, आरुबखडालगायत विभिन्न जातका अन्न तथा फलफूलबाट उत्पादन गर्ने गरिएको छ। महाशिलामा उत्पादनका आधारमा कोदो बढी उत्पादन हुने अन्न हो। यसलाई ब्रान्डिङ गर्दा उपयुक्त हुने निष्कर्षका साथ अनुसन्धान शुरू गरिएको उनको भनाइ छ।

गाउँपालिकामा कोदोको बढी सम्भावना भएकोले कोदोको मदिरालाई प्राथमिकता दिएर अनुसन्धान गरिएको अध्यक्ष भुसालले बताए। "यहाँ धेरै पहिलेदेखि स्थानीयले मदिरा बनाउँदै आउनुभएको छ, धेरैको जीविकोपार्जन यसैबाट भइरहेकोले यसलाई कसरी व्यवस्थित गरेर अघि बढ्न सकिन्छ भनेर अनुसन्धान गरी सो कार्यान्वयन गर्न लागिपरेका छौं"–उनले भने–"अनुसन्धान रिपोर्टपश्चात् बाँकी काम अगाडि बढ्नेछ।"

सर्च नेपालले गरेको उक्त अनुसन्धानमा कोदोको गुणस्तरीय मदिरा सङ्कलन गरिएको र नमूना सङ्कलनका लागि सबै वडामा तामाका भाँडा प्रयोग गरी मदिरा बनाइएको छ। घरेलु ज्ञान, सीप र प्रविधि प्रयोग गरी स्थानीयस्तरमा उपलब्ध हुने कोदोबाट एकदेखि सातपाने र मिश्रित एकदेखि सातपानेसम्मको गुणस्तरीय मदिरा सङ्कलन गरी नमूना ल्याब परीक्षणका लागि पठाइएको अध्यक्ष भुसालले जानकारी दिए। उनका अनुसार पालिकाका छुट्टाछुट्टै बस्ती र

(बाँकी पाँचौं पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

# वाटिका

२०८१ वैशाख २९ गते शनिवार | प्रतीक | 2024 May 11 Saturday




## साथीसित उन्मुक्त हाँसो

**स्वान्त सुखाय:**




सञ्जय मित्र

mitrasanjay41@gmail.com


किसान–प्रेमी एकजना मेरा प्रेमी छन्, म उनकी प्रेमिका चाहिं होइन । हामी दुवै एक अर्काका प्रेमी नै हौं, भन्दा हुन्छ। संयोग यस्तो कि प्रेमी रौतहट हुँदा म हेटौंडा थिएँ र म रौतहट आउँदा उनी चितवन पुगे । म यतै बस्न थालें, उनी उतै बस्न थाले ।

आजभोलि प्रविधिमैत्री युग छ। हामी सामाजिक सञ्जालमा नजोडिएका होइनौं तर हाम्रो संवाद अत्यन्त पातलो हुने गरेको छ । हृदयमा एक अर्काप्रति अनुराग भएपछि प्रेषित सामग्रीले भने अर्कालाई बुझिरहन सजिलो बनाइदिएको हुन्छ । हामीलाई यही माध्यम भएको छ संवादको।

हृदयमा प्रेम छ भने निस्सन्देह एक अर्काप्रति श्रद्धाभाव आइरहन्छ। एकले गरेको काम अर्कोलाई राम्रो लागिरहन्छ। संवाद नै नहुँदा कसरी काम राम्रो लाग्ला त ? जे जति सामाजिक सञ्जालमा पोस्ट गरिन्छ, त्यत्तिबाटै हो अनुमान लगाउने। मैले पनि र प्रेमीले पनि ।

गौरमा रहँदा प्रेमी कर्मचारी थिए । कर्मचारीकै रूपमा आएका थिए र कर्मचारीकै रूपमा गए। कर्मचारी भएर आउनु वा जानुमा मात्र सीमित रहने हो भने समाजले खासै चिन्दैन । म हेटौंडा रहुन्जेल सयौं रौतहटेलीलाई देखेको हुँ भेटेको हुँ तर मैले गर्ने कर्मले तिनीहरूलाई चिनाएको हो । म पनि त्यहाँ शिक्षण पेशामा थिएँ, बोर्डिङको मास्टर थिएँ। सबैलाई थाहा छ, बोर्डिङको मास्टरलाई सितिमिति मान्छेले चिन्दैनन्। चिन्ने प्रयास नै गर्दैनन् किनभने बोर्डिङका मानिसलाई केवल पढाउनुपर्ने हुन्छ । समय हुँदैन । रोजीरोटी अर्थात् दुःख–दुनियाँमा हराइरहन्छ। तर मैले भाषा, साहित्य र अन्य कामलाई पनि महत्त्व दिएँ। यसैले के भयो भने मानिसले चिन्न सके। मलाई चिने र मैले चिनें। मैले केहीलाई चिनाएँ र मलाई पनि केहीले चिनाए । किसान प्रेमी गौर हुँदा पनि यस्तै भएको थियो। प्रेमी कोठे–साहित्य–यात्रासित सम्बन्धित थिए । कोठे साहित्ययात्रा कुनै बेला रौतहटको पहिचान थियो र प्रेमी पनि यस यात्राका पहिचान थिए । म त कहिलेकाहीं कुनै कुनै कार्यक्रममा सहभागी हुन्थें वा हुन पाउँथे । गाउँगाउँमा हुने गरेको यो यात्रा घुम्दै मेरो घर गेडहीगुठीसम्म आइपुगेको थियो। गाउँका मानिसहरूसित भेटघाट तथा साहित्यको कुराकानी निकै रमणीय थियो। देशमा फरक परिवेश सिर्जना हुँदा यसले अलिकति विराम के पाएको थियो, यस यात्राका सहयात्रीहरू पनि तितरबितर भए। कोही कता गए त कोही कता । सबैले छोडेको इतिहास यहाँको माटोमा अझै सुगन्ध फैलाइरहेछ ।

यात्रामा कविता पनि सुनाउने कार्यक्रम हुन्थ्यो । कार्यक्रमले स्थानीय प्रतिभालाई पनि महत्त्व दिन्थ्यो । सामान्यतया यो पनि विचार गरिन्थ्यो कि पुराना सहयात्रीभन्दा नयाँले बढी समय पाओस्। प्रेमी साहित्यप्रेमी। त्यस युगमा प्रेमीका कविता निकै सरल हुन्थ्यो । गाउँघरमा पनि सजिलै सबैले बुझ्ने ।




उपनाम न हो किसान, यसकारण किसानसमेतले सजिलै बुत्रने शैलीमा लेखिने हुँदा स्वाभाविक रूपमा अलिकति बढी ताली पाउँथे प्रेमी । प्रेमीले वाचन गरेपछि को होला ताली नबजाउने ? तर तालीको महत्त्व खुशी हुनु पनि हो। खुशी भएर बजाएको तालीले जसको लागि बजाइएको हुन्छ, ऊ पनि खुशी हुन्छ तर प्रेमीले गाउँ–बस्ती रोइरहेको देखे। अनि उनले कविता सङ्ग्रह प्रकाशित गरे–गाउँ–बस्ती रोइरहेछ ।

म्यासेन्जर, भाइबर, ह्वाट्सअप आदि वा फोन मोबाइलमा हामी त्यत्ति कुरा गरिरहने प्रेमी होइनौं। हामी हाम्रो प्रेमको आयतन अभ्यन्तरमा बढाइरहेका छौं, बढाइरहने छौं । एकले अर्कोलाई सम्मान गर्नु हाम्रो धर्म हो, कर्तव्य हो । एकको रचना सामाजिक सञ्जालमा पोस्ट हुँदा प्रशंसा गर्छौं। आलोचना पनि गर्छौं । आलोचना र प्रशंसाभन्दा माथि उठिसकेपछि दुवै बराबरी लाग्दछन् । समान दृष्टिकोण भएपछि आलोचना गर्न पनि सजिलो हुन्छ र आलोचना सुन्न पनि मन लाग्छ। प्रेमीको स्वभाव नै हो, प्रशंसा बढी गर्नु ।

दशक लामो समयपछि भौतिक रूपमा अचानक गत वर्ष भेट भयो नेपाल प्रज्ञा प्रतिष्ठान कमलादी, काठमाडौंमा गत वर्षको असार महीनामा। दुई प्रेमी एक ठाउँमा भेट भएपछि खुशीको कुनै ठेगाना रहन्छ र ? अनि साँच्चीकै दुई प्रेमी वर्षौंपछि भेट हुँदा कुरा गर्ने विषय के हुन्छ होला ? अनि केही समयपछि बल्ल यति विषय आउन शुरू हुन्छ कि अलिअलि कुरा गर्दा नि धेरै कुरा गर्न बाँकी रहेकोजस्तो लाग्छ। दुवैजना एउटा कार्यक्रममा सहभागी हुन गएका छौं । एकजना बागमती प्रदेश र अर्को चाहिं मधेस प्रदेशबाट । अनि भेट चाहिं काठमाडौंमा। एउटै मञ्चमा बसेका छौं र एउटै मञ्चमा पुरस्कृत पनि हुन्छौं । हामी यत्ति धेरै खुशी छौं कि हाम्रो खुशीको कुनै आयतन थिएन। खुशी हुनुपर्ने कारण चाहिं पुरस्कृत भएर भने होइन, भेट हुनु हो। एकले अर्काको प्रगतिको कुरा बुझ्नु र समर्पणको कुरा अर्काको मुखबाट सुन्नु हो। न एक अर्कालाई बोल्ने फुर्सद हुनु हो र न सुन्ने नै। दुवैको बोल्ने र सुन्ने दुवै चाहना पूरा हुने अवस्था पनि थिएन ।

साथमा हुनुहुन्छ साहित्यकार किशुनदयाल श्रीकृष्ण। उहाँसित चिनजान गराउँदा प्रेमी भन्नुहुन्छ–भेट नभा मात्रै हो, अपरिचित भने होइनौं। एक अर्काका रचना पढेकै छौं । अनि त्यसपछि केही फोटा खिचौं। भेटको प्रमाण आजभोलि यही त हुन्छ । जब फोटो खिच्न शुरू हुन्छ तब असली रूप देखिन्छ। अरूलाई फोटो खिच्दा पोजिशन बनाउनुपर्छ तर जब दुई प्रेमी भेट हुन्छन् पोज बनाउनु होइन खिचिने फोटा स्वाभाविक हुनुपर्छ। अनि यसैमा निस्किन्छ, उन्मुक्त हाँसो । प्रेमी अलि कम हाँस्ने र म उन्मुक्त हाँसोमा कन्जुस ।

एक साथ दुई फाइदा भएपछि हामी केही अन्तरङ्ग कुराकानी गर्छौं जुन साहित्य यात्रासित सम्बन्धित छ तर समय भने कहाँकहाँ पुग्नलाई हतार भइसकेको बताइरहेको छ । हामी छुट्टिन्छौं, फेरि पनि उन्मुक्त हाँसोका साथ ।

अनि त्यस पछिका दिनमा फेरि पनि हामी छौं जस्ताको तस्तै । साहित्यले सम्बन्ध बनाउने र सम्बन्धलाई निकै कालसम्म विस्तार गरिरहने रहेछ। जहाँ पुग्न सकेका हुँदैनौं, त्यहाँ पुऱ्याइसकेको हुँदो रहेछ साहित्यले, आफ्नै सुगन्ध लिएर ।

लघुकथा

## निभेको आगो

– नवराज न्यौपाने 'मौन'

शुक्रवारको दिन तीन बज्न लाग्दा हाकिम मिलन मरहट्टाको मोबाइलमा अपरिचित नम्बरबाट फोन आयो। रङ्ग नम्बर हुन सक्छ भनेर उनले फोन उठाएनन् । फेरि एक छिनपछि त्यही नम्बरबाट फोन आयो । गाडीमा चढ्न तरखर गर्दै उनले फोन उठाए ।

हेलो ! म मिलन मरहट्टा । तपाईंले कसलाई खोज्नुभएको नि ? उसले बिस्तारै सोध्यो ।

नमस्कार सर ! मैले तपाईंलाई नै खोजेकी हुँ । म त्यही हराएकी तिर्सना शर्मा हुँ। अभिनेता सुनील शेट्टीले पछिल्लो पटक मुम्बईबाट उद्धार गरेर नेपाल फर्काएका छब्बीसजना नेपाली चेली मध्येकी म पनि एक हुँ। मसँग परिचयपत्र, नागरिकता केही पनि नभएकोले सिंहदरबारभित्र छिर्न पाइनँ । म दुई घण्टादेखि तपाईंलाई कुरेर बसिरहेकी छु। कृपया मलाई भेटेर मात्र जानुहोला। उताबाट महिलाको रुन्चे स्वर सुनियो ।

हुन्छ, गेटको बायाँ साइडमा बस । म बाइकमा आउँदै छु। त्यसपछि गाडी छोडेर ऊ बाइकमा हुँइकियो । अनि, गेटबाट उसलाई लिफ्ट दिएर अनामनगरको रोटी पसलमा पुग्यो। अनि सुख्खा रोटी तरकारी अर्डर गरेर भित्रको कोठामा पुगेर भलाकुसारी शुरू भयो ।

सर, म तपाईंलाई मेरो अन्तरकथा र समस्या सुनाएर मन हल्का पार्न चाहन्छु। आँसु पुछ्दै उसले भनी ।

ल भन, मैले सकेको सहयोग गर्नेछु। मिलनले भावुक हुँदै भने ।

अनि तिर्सनाले धाराप्रवाह आफ्नो जीवनकथा सुनाइन् । उदास मुद्रामा मिलनले सुनिरहे ।

मलाई भारत घुमाउन लगेर मेरै लोग्नेले मुम्बईमा बेचेर आएको हो । मेरो मोबाइल उसैले लिएर आएको हो। अनि यहाँ आएर मोबाइल घरमैं छोडेर घरबाट बेपत्ता भएकी भनेर प्रहरीमा निवेदन दिने काम र विभिन्न सञ्चार माध्यममा महिला हराएको सूचना प्रचारप्रसार गराए छ ।

यति भन्दा उसका गला अवरुद्ध भए।

(बाँकी चौथो पातामा)

## चरणस्पर्श : पौराणिक वैज्ञानिक पद्धति

**सरोकार**




राजेश मिश्र

rajesh560107@gmail.com


शिष्य : (गुरुको चरणस्पर्श गर्दै) गोड लागतानी गुरुजी ।

गुरु : (शिष्यको शिरमा हात थाप्दै) खुशी रह चेला । गुणी आ संस्कारी व्यक्ति बनीह । देवी सरस्वती के कृपा सदा बनल रहो ।

माथिको संवाद अभिवादनको क्रिया र प्रतिक्रिया हो । यसमा एकअर्काप्रति श्रद्धा, सद्भाव, स्नेह र प्रेम सन्निहित छ, जुन शब्दमा वर्णन गरेर साध्य छैन। सनातन संस्कृतिमा अनुजले चरणस्पर्श गर्ने र अग्रजले शुभभावना व्यक्त गर्ने परम्परा सदीयौंदेखि छ । सामाजिक मान्यता अनुसार नाता र उमेरमा आफूभन्दा जेठो व्यक्तिलाई श्रेष्ठ मानिन्छ। यद्यपि वर्तमान समयमा अपवाद बाहेक धन, सम्पत्ति, पद र पैसा श्रेष्ठताको मानक बनेको छ। एउटा अर्को उदाहरण पनि हेरौं ।

विद्यार्थी : गुड मर्निङ सर ।

शिक्षक : गुड मर्निङ ।

आयतित उपरोक्त अभिवादनमा क्रिया र प्रतिक्रिया एक समान छ । यसमा श्रद्धा अनुभूत गर्न सकिन्न । जबदेखि अङ्ग्रेजी शिक्षाको नाममा शिष्यलाई 'स्टुडेन्ट' र गुरुलाई 'टीचर' सम्बोधन गर्ने होड चल्यो, तबदेखि गुरु–शिष्यबीच सम्बन्ध बोध गर्न कठिन छ ।

शिष्य एकलव्यले गुरु द्रोणाचार्यलाई गुरु दक्षिणामा औंला अर्पण गरेको पौराणिक इतिहास अवगत नै छ। गुरु र शिष्यबीचको त्यो अन्तरङ्ग सम्बन्ध शब्दमा वर्णन गरेर साध्य छैन । बालबालिकाहरूको पहिलो पाठशाला हो, घर । त्यसैगरी, दोस्रो विद्यालय र त्यसपछि समाज। त्यस कारण परिवार, विद्यालय र समाज, नैतिक/सामाजिक शिक्षाका महासागर हुन् । अनि महासागरमा जे पाइन्छ, बाल मस्तिष्कले ग्रहण गर्ने पनि त्यही हो। उहिले महासागर संस्कारजन्य सुगन्धले भरिपूर्ण थियो । आज आयातित शिक्षा, संस्कार र संस्कृति हावी छ । बालमस्तिष्कमा जे थुपारिन्छ, उसले त्यहीं ग्रहण र अनुसरण गर्छ । आयातित कुरा ग्रहण गरी त्यो बालक एकदिन युवक बनेर महासागरबाट निस्कन्छ। फलस्वरूप उसले ग्रहण गरेको कुरा उसको सन्ततिमा अङ्कुरित हुन्छ नै। यसरी नै समाजमा बाह्य अनुकरण फैलिंदो छ । यस्तै परिवेश रह्यो भने भविष्यमा उपभोग्य वस्तुझैं आयातित शिक्षा, संस्कार र संस्कृतिमा पनि परनिर्भरता नबढ्ने होइन ।

### चरणस्पर्श

देशकाल र समुदाय अनुसार अभिवादन गर्ने प्रक्रिया फरक–फरक हुन सक्छ । यद्यपि सनातन संस्कृतिको अभिवादन, पौराणिक परम्पराहरूमध्ये 'चरणस्पर्श' पनि एक हो ।

वैज्ञानिकहरूका अनुसार क्रियाको प्रतिक्रिया हुन्छ। तसर्थ, चरणस्पर्श क्रिया हो भने आशीर्वचन प्रतिक्रिया हो। मानव–मानवबीच भेट हुँदा र छुट्टिंदा अभिवादन गर्ने परम्परा छ । उहिले शिक्षार्जनको थलो गुरुकुल थियो। गुरुकुलमा धार्मिक र संसारिक शिक्षासँगै नैतिक र सामाजिक शिक्षा अनिवार्य मानिन्थ्यो । सोही नैतिक शिक्षामध्ये चरणस्पर्श पनि एक हो । गुरुकुलमा शिष्यले गुरुजनको चरणस्पर्श गर्थे। अनि गुरुजनले शिष्यलाई आशीर्वाद दिन्थे । एकअर्काप्रति श्रद्धा, आत्मीयता, माया र स्नेह प्रवाहित गर्ने ग्रहणयोग्य शिक्षा अनुसरण र समय क्रममा पुस्तान्तरण हुँदै आइरहेको छ ।

### अग्रज र अनुजको मानक

अनुज र अग्रजको भेद छुट्याउने दुई विधि छन् –उमेर र नाता। परिवार, आफन्त, गाउँघर र टोलछिमेकमा अग्रज र अनुजको मानक 'नाता'लाई मानिन्छ। उदाहरणको लागि मानौं काकाभन्दा भतिजको उमेर बढी छ तर पनि काका पर्ने व्यक्ति आफन्त वा छिमेकी, जे भए पनि अग्रज हो। त्यसैले भतिजले काकाको चरणस्पर्श गर्नुपर्छ। हजुरआमा–हजुरबुबा, बुबा–आमा, काका–काकी, चाचा–चाची, दाइ–भाउजू, छोरा–छोरी, छोरी–ज्वाइँ, छोरा–बुहारी, भजित–भतिजी, भदहा–



भदही, भान्जा–भान्जी आदि अनेक नाता कालान्तरदेखि स्थापित छन् । नातामा अनुज पर्ने व्यक्तिले अग्रज पर्ने व्यक्तिको चरणस्पर्श गर्ने र आशिर्वाद प्राप्त गर्ने सामाजिक नियम छ ।

त्यसैगरी परिवार, आफन्त, छिमेकीबाहेक बाहिरी दुनियाँमा अग्रज र अनुजको मानक हो–उमेर। त्यस कारण दुईजना अपरिचित व्यक्ति भेट हुँदा उमेरको ख्यालगरी अनुजले अग्रजलाई चरणस्पर्श, नमस्ते वा प्रणाम गर्ने सामाजिक चलन छ ।

नाता अनुसार अनुजले अग्रजको चरणस्पर्श गरिरहँदा ती अनुज अरूका लागि नातामा अग्रज हुन सक्छन् भने अग्रज पनि कसैको सामुन्ने अनुज हुन सक्छ। त्यस कारण अमुक व्यक्ति सधैं अग्रज वा सधैं अनुज हुन्छ भन्ने हुँदैन । स्थान, समय र व्यक्ति अनुसार अग्रज र अनुजको भेद स्वयं छुटचाई सो अनुरूप क्रिया गरिन्छ ।

### अचेल घुँडास्पर्श

युवा : (वृद्धको घुँडा स्पर्श गर्दै) गोड लागतानी, बाबाजी ।

वृद्ध : बबुवा खुशी रह । केतना पढले बाड हो ? ठेहुन (घुँडा) छु के प्रणाम करे के कहाँ सिखले बाड ? के सिखवले बा ?

उपरोक्त संवाद व्यर्थ अभिवादनको उदाहरण हो। यहाँ युवकले रीत पुऱ्याइ गरेको अनुभूत हुन्छ । अनि युवकको अर्थहीन शैली वृद्धलाई मन पर्ने कुरै भएन। यहाँ क्रिया जस्तै प्रतिक्रिया प्रवाहित भएको पाइन्छ । धार्मिक स्थलहरूमा देवीदेउताप्रति नतमस्तक हुने र चरण स्पर्श गर्ने मान्यता छ। यद्यपि आधुनिक युवायुवतीहरूले एक हातले मूर्ति स्पर्श गरी तीव्र वेगमा आफ्नो छाती र शिरमा फटाफट स्पर्श गर्ने बानी विकसित भएको छ। यो कोरम औपचारिकताबाहेक केही होइन । यसमा न समर्पण, न श्रद्धा न एकाग्रता अनुभूत गर्न सकिन्छ ।

### अभिवादन

अभिवादनका विभिन्न स्वरूप छन्। जस्तै चरणस्पर्श, प्रणाम, नमस्कार, नमस्ते आदि । यी शब्दहरूको उत्पत्ति संस्कृत भाषाबाट भएको हो। हाय, हेल्लो, टाटा, बाय र गुडमर्निङजस्ता अभिवादन आयातित हो । यसमा केवल औपचारिकता पूरा हुने कुरा बोध गर्न कठिन छैन । अभिवादन भन्नाले अग्रज/श्रेष्ठ व्यक्तिको अगाडि झुक्नु हो। अभिवादनले व्यक्तिको नम्रता, सभ्यता, र सद्गुण व्यक्त गर्दछ। त्यसैले अभिवादन शिष्टताको प्रतीक हो । एकअर्काप्रति सम्मान र आत्मीयताको भावना जाग्रत नहुने अभिवादनको कुनै अर्थ छैन ।

चरणस्पर्श संसारमा अन्य कतै नदेखिने परम्परा हो। धार्मिक ग्रन्थहरूका अनुसार देब्रे खुट्टालाई देब्रे हातले र दाहिने खुट्टालाई दाहिने हातले छुनु नै चरणस्पर्श हो। शरीरमा सकारात्मक र नकारात्मक दुवै ऊर्जा हुन्छ । हृदयले सकारात्मक ऊर्जा ग्रहण गर्ने बित्तिकै प्रतिक्रियास्वरूप सकारात्मक ऊर्जा प्रवाह गर्छ । अतः चरणस्पर्शले अनुजको सकारात्मक भाव अग्रजको हृदयमा प्रवेश गर्छ र सो हृदयबाट आशीर्वादको रूपमा शब्दमार्फत सकारात्मक ऊर्जा प्रवाहित हुन्छ ।

अनुजले चरणस्पर्श गर्दा अग्रजको हात अनुजको शिरमा पुग्छ र यो क्रियाले सकारात्मक ऊर्जाको एउटा चक्र बन्दछ। पुरातनकालमा यो प्रक्रिया गुरुकुलको विशिष्ट क्रियाकलापमध्ये एक थियो ।

माथिका तथ्यहरूले अभिवादन गर्ने कार्य धार्मिक वा आध्यात्मिक मात्र नभएर वैज्ञानिक आधारले पनि प्रमाणित हुन्छ । मानव कल्याणको लागि ऋषिमुनिहरूद्वारा उचित अभिवादनको व्यवस्था गरिएको पाइन्छ । आज धेरै अनुपयुक्त र अर्थहीन अभिवादनहरू विकसित भएका छन् । यद्यपि यसले हाम्रो अभिवादनको पुरातन संस्कार महत्त्व भने कम हुँदैन। पौराणिककालको अभिवादनको वैज्ञानिक पद्धति हो, चरणस्पर्श । यसको उपादेयता कल्पना भन्दा पर छ। त्यसैले यो पद्धति ग्रहण, अनुसरण र पुस्तान्तरण किन नगर्ने ? परिवार, समाज र विद्यालय तहमा अनिवार्य लागू किन नगर्ने ?

# आनन्दको खोजी : मनको अन्तर्यात्रा



**हरिकृष्ण बराल**
(स्वामी राधामाधव)
मुर्ली बगैंचा, वीरगंज

स्वतन्त्रताको मतलब आफ्नो खराब बानीबाट छुटकारा पाउनु हो कि होइन ? सिगरेट पिउने बानी कसले लगाइदियो भनेर पहिले हेर्नुपर्ने हुन्छ ? यो बानी उसले स्वयम् लगाएको हो। यसमा अरू कसैको हात छैन। संसारको जनसङ्ख्या अहिले करीब आठ अर्ब नाघिसकेको छ। तीमध्ये करीब एक अर्ब मानिसले मात्र सिगरेट पिउने अडकल गरिएको छ। बाँकी सात अर्ब मानिसको सिगरेट पिउने बानी छैन। यसको मतलब यो भयो कि एक अर्ब मानिसले यो बानी आफैंले विकसित गरेका हुन्। उनीहरूले छोड्न चाहे अहिलेको अहिले छोड्न सक्छन्। हामीहरूको जेजे खाने बानी छ, सबै हामीले नै विकसित गरेका हौं। सिगरेट पिउने बानी होस् वा रक्सी पिउने वा अन्य कुनै बानी। यिनले हामीलाई समातेको होइन, हामीले नै यिनलाई समातेका हौं।

यस प्रसङ्गमा एकजना सुफी फकीरसँग सम्बन्धित एउटा कथा छ। एकपटक सुफी फकीरलाई भेट्न एकजना युवक आयो र भन्न थाल्यो– म ठूलो बन्धनमा परेको छु। मलाई धेरै नराम्रा बानी परेका छन्। मलाई माया, ममता र मोहले नराम्ररी घेरेको छ। म यो संसारको बन्धनमा फसेको छु। यसबाट म कसरी मुक्त हुन सक्छु ?

फकीरले उसलाई सम्झाउने धेरै प्रयास गरे तर उसले फकीरको कुरा राम्ररी बुझ्न सकेन। उसले फकीरलाई भन्यो– हजूर, कुरा त धेरै राम्रो गर्नुहुन्छ तर मैले हजूरको कुरा बुझ्न सकिनँ र यो बन्धनबाट छुटकारा पनि पाउन सकिनँ।

एक दिन फकीरले साह्रै राम्रो काम गरे। त्यो काम देखेर सबैजना छक्क परे। जब युवक आएर फकीरलाई सोध्यो– म कसरी संसारको बन्धनबाट छुटूँ ? तब फकीर उठेर मस्जिदनजीकै रहेको एउटा खम्बालाई अँगालो हालेर कराउन थाले– बचाऊ, बचाऊ मलाई यो खम्बाले समात्यो।

फकीरको चर्तिकला युवकले हेरिरहेको थियो। अत्यन्त विवेकी फकीरले यस्तो गरेको देखेर उसले भन्यो– ए हजूर ! हजूरले नै यो खम्बालाई समात्नुभएको छ। खम्बाले हजूरलाई समातेको छैन।

युवकको कुरा सुनेर फकीर हाँस्यो र भन्यो– म यही कुरा धेरै दिनदेखि तिमीलाई सम्झाइरहेको थिएँ। संसारले तिमीलाई समातेको छैन। तिमीले नै संसारलाई समातेका छौ। बानीहरूलाई तिमीले नै समातिरहेका छौ। बानीहरूले तिमीलाई समातेका छैनन्। तिमीले नै काम, क्रोध, लोभ, मोह, माया र ममतालाई समातिराखेका छौ। तिमीलाई यिनीहरूले समातिराखेका छैनन् नत्र भने यिनीहरूबाट कोही छुट्न सक्ने थिएन। तिम्रोलागि यो सौभाग्यको कुरा हो। यिनलाई तिमीले समातेको हुनाले कुनै पनि बेला तिमी निर्णय गरेर छोड्न सक्छौ। यो कुरा सुनेपछि युवकको घैंटोमा घाम लाग्यो र ऊ फकीरको सङ्गतमा बसेर साधनारत हुन थाल्यो।

त्यसैले बाहिरका चीजहरूले हामीलाई समातेका छैनन् भन्ने कुरा हामीले हृदयङ्गम गर्न जरुरी छ। तिनलाई हामीले समातेका छौं। यसैले हामी तिनीहरूलाई छोड्न स्वतन्त्र छौं भन्ने कुरा बुझ्न जरुरी छ।

चाहे सिगरेटको अम्बल होस् या अरू कुनै नशाको अम्बल होस्। यसलाई छोडनको लागि हामी अलि धेरै जागरूक, अलि धेरै सजग हुनुपर्छ। यो नशाको अम्बल कसरी लाग्यो भन्ने कुरा जरैदेखि बुझेर यसको निरर्थकता बुझेर यसबाट अलग हुन सक्छौं।

मानिसको जीवनमा दुःख छ, चिन्ता छ, परेशानी छ, निराशा छ। मानिस यी सबै दुःखबाट मुक्त हुन चाहन्छ। तर यी दुःखहरूबाट मुक्ति पाउन त्यति सजिलो भने छैन। यसबाट मुक्ति पाउन हामीले साधना गर्नुपर्छ। यसबाट मुक्ति ध्यान साधनाबाट हुन सक्छ तर यसले समय भने अलि धेरै लिन्छ। मानिसहरू तुरुन्तै प्रतिफल खोज्छन्। त्यही भएर मानिस दुःखबाट मुक्त हुनतिर अग्रसर नभएर केही क्षणको लागि दुःख भुल्न नशातर्फ आकर्षित हुन्छ। रक्सी पिएर केही घण्टाको लागि चिन्ता भुलाउन सकिन्छ। तर यो दुःखको क्षणिक विस्मरणको उपाय मात्र हो। यो दुःख निवारणको उपाय होइन। केही घण्टापछि नशाले छोडेपछि हामी समस्या जहाँको तहीं भएको पाउँछौं। दुःख निवारण भएको छैन, हामी नै केही क्षण बेहोशीमा थियौं।

शल्यक्रिया गर्नुभन्दा पहिले कुनै चिकित्सकले एनस्थेसिया दिएर बिरामीलाई बेहोश बनाउँछ। त्यसपछि बिरामीलाई केही थाहा हुँदैन। उसको हातखुट्टा वा शरीरको कुनै अङ्ग काट्दा पनि उसलाई केही थाहा हुँदैन, दुख्दैन। यो नशाको बानी पनि त्यस्तै हो। जीवनका दुःख तथा चिन्ता केही क्षणका लागि बिर्सन यो 'सेल्फ एनस्थेसिया' मात्र हो।

जबसम्म मानिसको जीवन सुख शान्तिले ओतप्रोत हुँदैन, जबसम्म उसको जीवन सत्, चित, आनन्दयुक्त हुँदैन, जबसम्म उसले प्रेमपूर्ण ढङ्गले प्रसन्नतापूर्वक आफ्नो जीवन जिउँदैन, तबसम्म ऊ नशाप्रति आकर्षित भइरहन्छ। टाउको दुःखेको छ भने औषधि त खानै पर्छ। तर हामीसँग दुईवटा विकल्प छन्– पहिलो विकल्प दर्दनाशक गोली खाएर टाउको दुःखाइबाट केही क्षण मुक्त हुने र अर्को यस्तो जीवनशैली अँगाल्ने, जसले गर्दा टाउको दुःखाइ नै नहोस्। यसैले नशामुक्तिको एउटै मात्र उपाय छ, त्यो हो ध्यान। हामीहरू ध्यान साधना सिकौं। होशपूर्ण जीवन जिऔं। ध्यान साधनाबाट हामी चिन्ताबाट, समस्याहरूबाट, दुःखबाट छुटकारा पाउन सक्छौं। समस्यालाई चुनौतीको रूपमा लिएर यसको समाधानको उपाय गर्न सक्यौं भने जीवनमा निश्चिन्तता प्राप्त हुनेछ र हामी आनन्दमय, प्रेममय शान्तिमय र सद्भावनाले भरिएको जीवन बाँच्न सक्नेछौं।

यस्तो आनन्दित व्यक्तिले कहिल्यै नशा गर्दैन। किनकि नशाको एउटा महत्त्वपूर्ण गुण भनेको कुनै चीजलाई केही समयको लागि भुलाइदिनु हो। यदि कुनै मानिस शान्त छ, खुशी छ भने ऊ रक्सी पिएर किन आफ्नो शान्त र सुखमय क्षणलाई भुलाउन चाहला ? यदि कुनै व्यक्ति अशान्तिमा छ, बेचैनीमा छ भने त्यसलाई भुल्न नशा पिउने गर्छ। यसैले नशाबाट मुक्तिको एकमात्र उपाय ध्यान साधना हो। हामी यसरी पनि बुझ्न सक्छौं। नशा भनेको बेहोशी हो। ध्यान भनेको होश हो। यी दुवै परस्पर विपरीत कुराहरू हुन्। नशा लियो भने दुःख विस्मरण हुन्छ, ध्यान गऱ्यो भने दुःख विसर्जन हुन्छ। क्रमशः


# मशरूम प्वायजनिङ

स्वास्थ्य चर्चा



**डा शिवशङ्कर यादव**
shivshankaryadav3398@gmail.com

अङ्ग्रेजीमा मशरूमलाई विज्ञानमा फङ्गस, नेपालीमा च्याउ, हिन्दीमा फफुद र भोजपुरीमा गोबरौला भनिन्छ। यो प्ल्युरोटेसी परिवारको एउटा फफुद हो। यसको दुई भाग हुन्छ : जमीनभित्र र जमीनबाहिर। भित्री भागलाई माइसेलियम र बाहिरी भागलाई स्पोरोफोर भनिन्छ। यसको बिरुवा एकदेखि पाँच वा आठ इन्च लामो हुन्छ। कहींकहीं यो मानिसको आकार बराबर पनि पाइएको छ। यस बिरुवाको औसत वजन २० देखि ३० ग्राम हुन्छ। यस बिरुवामा फोटोसिन्थेसिस क्रिया हुँदैन। यसको इतिहास ८१० मिलियन वर्ष पुरानो हो। मशरूम प्वायजनिङको वर्णन गर्न मलाई यस कारण आवश्यक लाग्यो कि मधेसमा त होइन, तर पहाड र जङ्गलमा बस्ने आदिवासी यो खाएर बर्सेनि थुप्रैको सङ्ख्यामा मर्छन्। आजकाल मधेसका बजारहरूमा पनि यसको बिक्री बढ्दै छ किनभने यो भेजिटेरियन र भेगन डाइटको रूपमा धेरै पौष्टिक हुन्छ। यसमा पोटाशियम प्रचुर मात्रामा पाइन्छ। तर पनि त्यो काँचो खायो भने विषालु नै हुन्छ। बिक्रीको लागि बनाइएको च्याउलाई पहिले राम्ररी पानीमा धोएर सुखाइन्छ। त्यसपछि प्रोसेसिङ, रिलिङ, फोल्डिङ, ड्राइङ आदि चरण हुँदै प्याकिङ गरिन्छ। तर यदि च्याउ विषालु छ भने यी कुनै चरणमा पनि विषाक्तता जाँदैन। गाउँ–देहातका सबै पुराना मानिसले यसलाई गोबरको मानमा आफसेआफ उम्रेको अवश्य देखेको हुनुपर्छ। नयाँ मानिसले पुरानो लकडीमाथि वा पीपलको कुहिएको जरामा उम्रेको देख्न सक्छन्। संसारमा लगभग ५००० प्रजातिको च्याउ पाइन्छ, जसमा २० देखि २५ प्रतिशतको मात्रै नामकरण गरिएको छ, जसमध्ये तीन प्रतिशत विषालु हुन्छ। जङ्गलमा पाइने च्याउ प्रायः विषालु नै हुन्छ। जबसम्म यसको सय प्रतिशत गारन्टी हुँदैन, तबसम्म च्याउ खानुहुँदैन। गारन्टी केवल च्याउ विशेषज्ञले मात्र दिन सक्छ। बजारमा बिक्री हुने च्याउ गारन्टीयुक्त हुन्छ। च्याउ एउटा माइक्रो फङ्गस हो, जसको जरा, एउटा खोक्रो गिंड र टुप्पोमा एउटा सानो छाताजस्तो आकार हुन्छ, जसलाई कैप भनिन्छ। यसको सबैभन्दा तल एउटा ठोस भल्भको आकारको रचना हुन्छ, जसलाई भल्भा भनिन्छ। माथिको कैपलाई पायलियस पनि भनिन्छ। छतरीको माथि ससाना बुटा हुन्छन्, जसलाई भेल भनिन्छ। ठीक छाताको कमानीजस्तो तल्लो भागमा थुप्रै लाइन हुन्छ। दुई लाइनबीचको भागलाई माइसेनियम भनिन्छ। विषालु च्याउ छ कि छैन त्यो चिन्नका लागि सर्वसाधारणलाई यतिमात्र भन्न सकिन्छ कि जुन च्याउको कैप समतल हुन्छ, कपको तलको स्टेममा रातो दाग देखिन्छ, त्यो विषालु हुन्छ। यस्तो कैपलाई 'डेथ




कैप' पनि भनिन्छ, जसको आधा मात्र खायो भने भने बच्चाको मृत्यु हुन्छ। सपोर्टिभ र तत्काल उपचार गरियो भने कोही बाँच्न सक्छ, नत्र कलेजो र मिर्गौला फेल भएर मृत्यु हुन्छ।

फङ्गसको निम्न मुख्य प्रकार छन्:

**१. सेप्रोफाइटिक:** जुन पुरानो र कुहिएको काठमा पैदा हुन्छ। यसले एउटा विशेष एन्जाइम छोडेर काठलाई गलाउँछ र आफ्नो खाना प्राप्त गर्छ।

**२. पारासाइटिक:** जो जिउँदो बिरुवामा हुर्कन्छ र त्यही बिरुवाबाट पोषण ग्रहण गर्छ।

**३. इन्डोफाइटिक:** यसले केही मेटाबोलाइट बनाउँछ, जसले अर्को बिरुवाको विकासमा सहयोग गर्छ र बायोफर्टिलाइजरको काम गर्छ।

**४. माइकोरिजल:** जो कुनै कुनै बिरुवाको जरामा मात्र पैदा हुन्छ र बिरुवाको जरा उखेल्यो भने जराबाट अलग गर्न सकिन्छ।

दुई किसिमको विषालु च्याउमा एकको नाम एमिनाटा मस्केरिया हो, जसलाई फ्लाई एगेरिक पनि भनिन्छ। यसको प्रयोग प्रायः झिंगा मार्न गरिन्छ। यसको विषको नाम मस्केरिन हो। दोस्रोको नाम हो, एमिनाटा फेल्वाइडिस जसलाई डिस्ट्रबाइडिङ एन्जेल वा बर्बाद गर्ने शैतान वा डेथ कैप पनि भनिन्छ। जब यसलाई खाइन्छ, तब आँखाको नानी पिन प्वाइन्ट भएर सङ्कुचित हुन्छ तर आँखामा लगाउँदा आँखाको नानी फैलन्छ। च्याउको विषाक्तता यसमा विद्यमान मस्केरिन, फेल्वाइडिन वा बिटा एमेनेटिन नामक विषले हुन्छ। यसमा दुई प्रकारको विषाक्तता हुन्छ : इरिटेन्ट र न्युरोटिक। पहिलो अवस्था छदेखि १० घण्टामा देखिन्छ, जसमा घाँटीमा सङ्कुचन, पेटमा जलन, वाकवाकी, दुःखाइको साथ वमन, पखाला चल्ने, पिसाब र वमनमा रगत देखिन्छ। त्यसपछि साइनोसिस, जन्डिस, नाडी र मुटुको गति सुस्त, सास फेर्न अप्ठ्यारो, छटपटी, धेरै पसीना र ऱ्याल आउने, पानीको कमी वा डिहाइड्रेशन, पेरिफेरल सर्कुलेटरी कोलेप्स र मृत्यु हुन्छ। कहिलेकाहीं मिर्गौला फेल भएर, अत्यधिक पखाला र बान्ता भएर पनि मृत्यु हुन्छ। न्युरोटिक वा स्नायुजनित लक्षणमा रिङ्टा लाग्ने, टाउको दुख्ने, उत्तेजित र भ्रमित हुने, एउटा कुरालाई दुईटा देख्ने र पिन प्वाइन्ट पुपिल, दुःखाइको साथ कडा खाले मांसपेशी बाँउडिने, हातखुट्टा सङ्कुचित भइरहने जसलाई ट्विचिङ भनिन्छ, ऱ्याल निस्कने, मुटुको गति मत्थर हुने, घ्वारघ्वार हुने र बेहोशी हुन्छ। आधा डेथ कैपले वयस्क र एक तिहाइले बच्चाको मृत्यु हुन्छ। ०.२७ ग्राम छालाभित्र दिंदा पनि मृत्यु हुने देखिऐको छ। खाएको २४ घण्टाभित्र प्रायः मृत्यु हुन्छ तर कहिलेकाहीं साता पनि लाग्न सक्छ। शल्यपरीक्षणमा गेस्ट्रोइन्टेसटाइनल सिस्टम सुन्निएको र इन्फ्लामेशन, कलेजो र मुटुको फैटी डिजनरेशन र मिर्गौलाका सूक्ष्म नलीमा नेक्रोसिस आदि देखिन्छ।

**च्याउ विषाक्तताको उपचार :**

सर्वप्रथम पोटाशियम परमैग्नेट वा फाइन चारकोलले गैस्ट्रिक लभाज गरिन्छ। त्यसपछि कास्टर आयल वा मेग्नेशियम सल्फेट, दिसा गराउनको लागि दिइन्छ। पहिले दुई मिलिग्राम एट्रोपिन नसाबाट दिइन्छ र पछि एक मिलिग्राम प्रत्येक घण्टामा दोहोराइन्छ।

दुःखाइ कम गर्नको लागि छालामुनि पेथिडिन दिइन्छ। मर्फिन भने दिइँदैन। पाँच प्रतिशत ग्लुकोज स्लाइन, जसमा भिटामिन सी, के, बी कम्प्लेक्स र इन्सुलिन मिसाइएको हुन्छ, दिइन्छ।

कलेजोलाई सुरक्षा प्रदान गर्न १० प्रतिशत क्याल्शियम ग्लुकोनेट दिइन्छ। वाइड स्पेक्ट्रम एन्टिबायोटिक जसरी एक्रोमाइसिन दिइन्छ, जसले सङ्क्रमण र कलेजोलाई नेक्रोसिस हुनबाट जोगाउँछ।

आवश्यकता अनुसार आक्सिजन दिइन्छ र कृत्रिम श्वासप्रश्वासले फोक्सोलाई सक्रिय राखिन्छ।

दिनहुँ ३०० मिलिग्राम थायोक्टिक एसिड र प्रेडिनिसोलोन पनि दिनुपर्छ।

दिनहुँ आठ मिलिग्राम थायोक्टिक एसिड दिइन्छ, जसले कलेजो र मिर्गौलामा हानि पुग्न दिंदैन। अस्तु !

# बुढ्यौली र वृद्धाश्रम

(सबैका पुत्र यस्ता हुँदैनन्। धेरैका पुत्र अत्यन्तै असल हुन्छन् तर जसका घरमा कुपुत्र जन्मन्छन्, ती यस्तै हुन्छन्। कविले काव्य रचना गर्दा लेखेको कुरा कसैसँग मिल्न गएमा त्यो संयोग मात्र हो।)

जसको लागि बाआमाले, देवीदेउता पुकार गरे।
जसको लागि उनीहरूले अनेक तीर्थव्रत गरे।
जब जन्मे खुशी बाँडे, कुल कुटुम्ब खुशी भए।
धन्यवाद भन्न फेरि, उनीहरू मन्दिर गए।
छोराछोरी काखमा राखी, रातभरि जागी बसे।
पिठिउँमा तिनलाई बोकी, काम तिनकै लागि गरे।
लिटो ख्वाउन पछिपछि, कोखाइ कोखाइ भन्दै हिंडे।
तिनकै उमेर गन्दैगन्दै, धेरै खुशी बन्दै हिंडे।
पढाइ लेखाइ समाजमा, प्रतिष्ठित बनाउन।
हाड घोटी धन कमाए, उनीहरूलाई खुवाउन।
त्यही छोराको भरोसामा, हातको लठ्ठी फ्याँकिदिए।
जीवनको सान्ध्यकालमा, त्यही छोराले त्यागी दिए।
बुहारीले कानेखुशी गर्न थाली छोरासँग।
मेरो कुरा मान्नुपर्छ, भनेकी छु हजूरलाई।
एक्लै छु म घरको काम, सबै मैलै गर्नुपर्छ।
तिम्रा बाबुआमालाई, वृद्धाश्रममा सार्नुपर्छ।
काम गर्न जानै परो, किट्टी–पाटी भ्याउनै परो।
छोराछोरीलाई लिन स्कूल पनि पुग्नै परो।
तिम्रा थाङ्ने बाबुआमा, सक्दिनँ म स्याहार गर्न।
मरीमरी उनीहरूको, चाकरी र सेवा गर्न।
वृद्धाश्रममा खान दिन्छन्, स्याहारसुसार पनि गर्छन्।
त्यहीं लगेर राखिदिनोस्, बूढाबूढी मख्ख पर्छन्।

जे जे भन्छे श्रीमतिले, छोरा मोरा त्यही मान्छन्।
श्रीमतिलाई रिझाउन, श्रीमतिकै जूठो खान्छन्।
छोरो भन्छ श्रीमतिलाई,जे जे भन्छ्यौ त्यही हुन्छ।
मलीन तिम्रो मुहार देख्दा, मेरो भित्री मन रुन्छ।
दशैंपछि राखिआउँछु, बाआमालाई वृद्धाश्रममा।
तिमीलाई ढुक्क हुन्छ, पर्दैन है सेवा गर्न।
बाआमा रुँदै बसून्, वृद्धाश्रममा सधैंभरि।
तिमीलाई दुख्ख नहोस्, सुख्खै सुख्ख सधैंभरि।
छोराले नै भन्न थाल्यो, बा र आमा दुवैलाई।
दुवैजना अब हिड्नुस्, वृद्धाश्रममा बस्नलाई।
हामीहरू भ्याउँदैनौं, सेवा गर्न हजूरहरूको।
जति लाग्छ सेवा शुल्क तिर्छु बरु वृद्धाश्रमको।
जानूस् बस्नूस् तपाईंहरू, आरामले वृद्धाश्रममा।
बुहारीले सक्दिनन् रे, तपाईंहरूको सेवा गर्न।
वृद्धाश्रम लिइहिड्यो, घरमैं ट्याक्सी बोलाएर।
रुँदै बस्छन बा र आामा, मन अमिलो बनाएर।
जब आदर कम गर्छ, फूलले आफ्नो रूखलाई।
हल्लिएर झारिदिन्छ, डालीबाट फूललाई।
उसले आफैं धिक्कार्नेछ, उसको आफ्नो कर्मलाई।
जब उसकै छोरो आउँछ, वृद्धाश्रम छोड्न उसलाई।

**–हरिकृष्ण बराल, वीरगंज–१२, मुर्ली बगैंचा**

## बिरालोबारे रोचक तथ्य

- बिरालाहरूले मानवलाई खासै महङव दिंदैनन् तर पनि बिरालाहरू गजब भन्ने शब्दको पर्याय ठानिन्छन्।
- हामी उनीहरूसँग नौ हजार वर्षभन्दा पहिलादेखि सँगै बसिरहेका छौं।
- अधिकांश समय सुत्ने भएपनि उनीहरू विश्वकै सबैभन्दा लोकप्रिय घरपालुवा जन्तु पनि हुन्।
- जब डिज्नील्यान्ड पार्कमा अँध्यारो हुन्छ, २०० वटा बिराला मुसा समाउन छाडिन्छन्।
- बिरालोको समूहलाई क्लाउडर भनिन्छ।
- बिरालोले आफ्नो पञ्जाबाट पसिना निकाल्छन्।
- साधारणतया बिरालाहरू तीनपटक चाखेर चौथोपटकमा मात्रै ढुक्कसँग खान थाल्छन्।
- औसतमा बिरालाहरू दिनको ७० प्रतिशत समय सुत्छन्।
- उनीहरूको पिसाब अल्ट्राभायोलेट (पराबैजनी) किरण मुनि पऱ्यो भने चम्किन्छ।
- घरमा पालिएका सबै बिरालालाई पाँचमध्ये एक अफ्रिकी जङ्गली बिरालोको अवशेषसँग जोड्न सकिन्छ।
- बिरालोले गुलियो स्वाद चाल पाउँदैन।

## निभेको ...

एकछिन रोकिएर पुनः बोलिन्– सर, म त काठमाडौं फर्केपछि सोझै माइत गएकी थिएँ। तर माइतीमा सबै कुरा थाहा पाइसकेका रहेछन्। सबैले छिःछिः र दुर्दुर् गरे। कसैले घरभित्र पस्न दिएन। मैले छोएको चीज कसैले खान मानेन। बाबाआमाले पनि वास्ता गरेनन्। लाचार भएर म फेरि काठमाडौं फर्किएँ। उनले उदास हुँदै भनिन्।

अब कानूनी उपचार खोज्नुपर्छ। मिलन सुस्केरा हाल्दै बोले।

कसरी उपचार खोज्नु र सर ! म त निभेको आगो हुँ। मेरा सबै सरसामान, लुगाफाटो, गरगहना, शैक्षिक प्रमाणपत्र, नागरिकता सबै लोग्नेले राखेको छ। अरू साथीका त सबैथोक माइतमा थिए र नयाँ जीवन शुरू गर्न सके। मेरो भने जीवन अन्धकार हुने भयो। अनि मुख छोपेर रुन थालिन्।

तिम्रो लोग्नेलाई मैले चिनेको छु, फोन गरूँ त ? मौन भङ्ग गर्दै मिलनले भने।

भो भो सर, मैले साथीको फोनबाट कुरा गरेकी थिएँ। शुरूमा झस्किएको थियो। पछि म अंशबापत दश लाख र तिम्रा सबै सामान कागजात फिर्ता दिन्छु, तर तिमीले लोग्नेले बेचेको हो भन्ने कुरा कसैलाई नभन्नु ल ! भनेर फकाएको थियो। अचेल पनि फोनमा म नै हुँ भन्ने सोचेर दिउँसो दिउँसो जेजे भन्छ्यौ सबथोक दिन्छु भनेर फकाउने र रातिराति तँलाई पनि जलाइदिन्छु र तेरा सामान पनि जलाइदिन्छु भनेर थर्काउने र धम्क्याउने गरिरहन्छ।

हजूरले दुईपटक मलाई माग्न जानुभएको थियो। बाबाले त्यस्तो लाटोसोझो मान्छेलाई छोरी दिनुभन्दा त बोरामा बाँधेर त्रिशूलीमा बागाउनु बेस भन्नुभएछ। हजुरबाले पनि बाठो मान्छेलाई दियो भने रूखको टुप्पोमा लगेर पनि पाल्छ भन्नुभएछ। तर अहिले मेरो यस्तो हालत देख्दा तेरो भाग्य यस्तै रहेछ भन्नुहुन्छ। यो सुनेर मिलन पनि रोए।

सुन्नुस् त सर ! मलाई यो ओखती नखाई निद्रा नै नपर्ने भएको छ। झोलाबाट दुईथरी औषधी निकालेर देखाउँछिन्।

त्यो देखेपछि मिलनले रुँदै भने – तिर्सना बहिनी, सत्ताइस वर्षसम्म पुरुष हिंसा सहेर बस्दा म पनि त्यही औषधी खाएर निदाउने गरेको छु। किनकि म पनि निभेको आगो नै हुँ।

(साभार: समकालीन साहित्य)

## अन्तर्राष्ट्रिय समाचार

# भारतको सर्वोच्च अदालतद्वारा केजरीवाललाई जमानतमा रिहा




तस्वीरः एजेन्सी

नयाँ दिल्ली, २८ वैशाख/एएफपी

भारतको सर्वोच्च अदालतले शुक्रवार कारागारमा रहेका प्रधानमन्त्री नरेन्द्र मोदीका प्रतिद्वन्द्वीलाई जमानतमा रिहा गर्न आदेश दिएको छ। यसबाट उनलाई विद्यमान राष्ट्रिय निर्वाचनमा प्रचार गर्न अनुमति प्राप्त भएको छ।

राजधानी दिल्लीका मुख्यमन्त्री तथा निर्वाचनमा मोदीको सामना गर्नका लागि गठित विपक्षी गठबन्धनका नेता अरविन्द केजरीवाललाई लामो समयदेखि चलिरहेको भ्रष्टाचारको अनुसन्धानको सिलसिलामा मार्चमा हिरासतमा लिइएको थियो।

आपराधिक अनुसन्धानको दायरामा आउने समूहका धेरै नेतामध्ये उनी एक हुन्। उनका एक सहकर्मीले निर्वाचनभन्दा एक महीनाअघि उनको गिरफ्तारीलाई सत्तारूढ भारतीय जनता पार्टी (भाजपा) द्वारा रचित 'राजनीतिक षडयन्त्र'को रूपमा वर्णन गरेका छन्।

सर्वोच्च अदालतका न्यायाधीशद्वय सञ्जीव खन्ना र दीपाङ्कर दत्ताले केजरीवाल छ साताको निर्वाचनमा मतदानको अन्तिम दिन जून १ सम्म हिरासतबाट बाहिर रहन सक्ने बताएका छन्।

सन् २०२१ मा मदिराको बिक्रीलाई उदार बनाउने र यस क्षेत्रमा आकर्षक सरकारी हिस्सेदारी छाड्ने नीति लागू गर्दा केजरीवालको सरकारमाथि भ्रष्टाचारको आरोप लगाइएको थियो। उक्त नीतिलाई अर्को वर्ष फिर्ता लिइयो तर लाइसेन्सको कथित भ्रष्ट विनियोजनमा नतीजाको अनुसन्धानले केजरीवालका दुईजना शीर्ष सहयोगीलाई कारागार पुऱ्यायो।

बारम्बार गलत कामलाई अस्वीकार गर्दै आएका केजरीवालको समर्थनमा उनको गिरफ्तारीपछि भारतभरिका अन्य धेरै ठूला शहरमा जुलुस निकालिएको थियो।

करीब एक दशकसम्म मुख्यमन्त्री रहेका ५५ वर्षीय केजरीवाल पहिलोपटक कट्टर भ्रष्टाचारविरोधी योद्धाका रूपमा कार्यालय आएका थिए। उनले अनुसन्धानको हिस्साका रूपमा सोधपूछका लागि भारतको वित्तीय अपराध एजेन्सी प्रवर्तन निर्देशनालयको बोलावट आदेशको विरोध गरेका थिए।

मोदीका राजनीतिक विरोधीहरू र अन्तर्राष्ट्रिय अधिकार समूहहरूले लामो समयदेखि भारतको सङ्कुचित लोकतान्त्रिक स्थानप्रति चिन्ता व्यक्त गर्दै आएका छन्।

विपक्षी काङ्ग्रेस पार्टीका सबैभन्दा प्रमुख सदस्य तथा दशकौंसम्म भारतीय राजनीतिमा वर्चस्व कायम गर्ने वंशका राहुल गाँधीलाई गत वर्ष मोदीको पार्टीका एक सदस्यको उजूरीपछि आपराधिक मानहानिमा दोषी ठहराइएको थियो। उक्त फैसलालाई उच्च अदालतले निलम्बन नगरेसम्म उनको दुई वर्षको कारागार सजायले उनलाई केही समयका लागि संसद्बाट अयोग्य घोषित गरेको थियो।

केजरीवाल र गाँधी दुवै दुई दर्जनभन्दा धेरै दलबाट बनेको विपक्षी गठबन्धनका सदस्य हुन् र उक्त गठबन्धनले संयुक्तरूपमा भारतको निर्वाचनमा प्रतिस्पर्धा गरिरहेको छ। रासस

# अर्जेन्टिनामा डेङ्गुविरुद्ध खोप अभियान सञ्चालन

ब्यूनर्स आयर्स, २८ वैशाख/सिन्ह्वा

अर्जेन्टिनामा यस वर्ष डेङ्गुका चार लाख २० हजारभन्दा बढी मामिला भेटिएपछि डेङ्गु लक्षित खोप अभियान घोषणा गरेको स्वास्थ्य मन्त्रालयले जनाएको छ।

स्वास्थ्य मन्त्रालयले राष्ट्रिय खोप आयोग (कोनेन)को सिफारिशको आधारमा र महामारीविरुद्ध व्यापक रणनीतिको एक भागको रूपमा प्रभावित क्षेत्रलाई लक्षित गरी खोप कार्यक्रम सञ्चालन गरिएको जनाएको छ।

मन्त्रालयले डेङ्गु अति प्रभावित जिल्लाहरूमा १५ देखि १९ वर्ष उमेर समूहका व्यक्तिलाई चरणबद्धरूपमा खोप अभियानमा समेटिने बताएको छ।

मे ५ मा सार्वजनिक गरिएको आधिकारिक तथ्याङ्क अनुसार अर्जेन्टिनाले यस वर्ष हालसम्म देशका २४ जिल्लामध्ये १९ जिल्लामा लामखुट्टेको टोकाइबाट सर्ने डेङ्गु रोगका कारण चार लाख २० हजार ८६७ जनामा डेङ्गु लागेको र २९१ जनाको मृत्यु भएको छ।

एडिस लामखुट्टेको टोकाइबाट मानिसमा सर्ने भाइरल रोग डेङ्गु भएपछि सामान्यतया टाउको दुख्ने, उच्च ज्वरो आउने, थकान महसूस हुने, मांसपेशी र जोर्नी दुख्ने, ग्रन्थि सुन्निने, बान्ता हुने जस्ता लक्षण देखा पर्छन्। रासस

# एयर इन्डिया एक्सप्रेसका कर्मचारीको हडताल समाप्त

नयाँ दिल्ली, २८ वैशाख/एएफपी

उडान तालिकामा दुई दिनको गम्भीर अवरोधपछि विमान सेवाका कर्मचारीको हडताल समाप्त भएको एयर इन्डियाले जनाएको छ।

ऋणमा डुबेपछि उक्त एयरलाइन्सलाई निजीकरण गर्ने सरकारी प्रयासपछि सन् २०२२ मा भारतीय टाटा समूहले एयरलाइन्सको स्वामित्व लिएको थियो।

मिडिया रिपोर्टका अनुसार टाटा समूहले कर्मचारीको भर्ती र पदोन्नति जस्ता विषयमा नयाँ नीति सार्वजनिक गरेसँगै कर्मचारीले त्यसको विरोध गरेका थिए।

एयर इन्डिया एक्सप्रेसका दर्जनौं केबिन क्रू कर्मचारीहरू मङ्गलवार रातिदेखि बिरामी परेको भन्दै काममा आएका थिएनन्। जसले गर्दा एयरलाइन्सले कम्तीमा १७५ वटा उडान ढिलाइ तथा रद्द गर्नुपरेको थियो।

बिहीवार जारी विज्ञप्तिमा एयरलाइन्सका प्रवक्ताले कर्मचारीसँगको बैठकपछि समयतालिकालाई जतिसक्दो चाँडो लयमा फर्काउन काम गरिरहेको जनाइएको छ। विज्ञप्तिमा अनपेक्षित अवरोधहरूबाट सेवाग्राहीमा पुगेको असुविधाप्रति क्षमा मागिएको छ।

भारतीय सञ्चारमाध्यमका अनुसार एयरलाइन्सले बर्खास्त गरेका कम्तीमा २० जना हडताली कर्मचारीलाई पुनः काममा फर्काएको छ। रासस

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – यात्रालाभ | कन्या – शत्रुभय |
| तुला – चोरभय | वृश्चिक – उदरपीडा |
| धनु – विजय | मकर – धनखति |
| कुम्भ – भाग्योदय | मीन – अलमल |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

# एलडिसी स्तरोन्नति असरः निर्यात र समग्र आर्थिक वृद्धिदरमा गिरावट

काठमाडौं, २८ वैशाख/रासस

नेपाल सन् २०२६ मा अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा विभिन्न क्षेत्रमा पर्न सक्ने सम्भावित असर र त्यसको न्यूनीकरणका लागि अवलम्बन गरिनुपर्ने योजनासहित सरकारले 'नेपालको अतिकम विकसित मुलुकबाट स्तरोन्नति र सहज सङ्क्रमणकालीन रणनीति' (नेपाल एलडिसी ग्राजुएशन स्मुथ ट्रान्जिशन स्ट्राटेजी) ल्याइएको छ। राष्ट्रिय योजना आयोगले लामो समयको अध्ययनपछि यो रणनीति ल्याएको हो।

'स्मुथ ट्रान्जिशन स्ट्राटेजी'ले मुख्यगरी स्तरोन्नतिका क्रममा विभिन्न क्षेत्रमा पर्ने असर न्यूनीकरण गर्ने र स्तरोन्नतिपछिको लाभ कसरी लिने भन्ने विषय समेटेको राष्ट्रिय योजना आयोगका प्रवक्ता यमलाल भुसालले जानकारी दिए। "अतिकम विकसित मुलुकका रूपमा हामीले व्यापारमा छुट, विकास सहायतामा अनुदान छुट, केही छात्रवृत्ति तथा अन्तर्राष्ट्रिय फोरममा भाग लिन जाँदा त्यसको आर्थिक दायित्व नपर्नेलगायत सुविधा पाइरहेका थियौं। स्तरोन्नतिपछि ती सुविधा गुम्ने भएकाले त्यसबाट पर्ने प्रभावलाई कसरी कम गर्ने भन्ने उद्देश्यले यो रणनीति ल्याइएको हो," आयोगका प्रवक्ता भुसालले भने, "स्तरोन्नतिपछि नेपाल विकासशील मुलुकको क्लबमा जाँदा त्यहाँबाट कसरी बढीभन्दा बढी फाइदा लिन सकिन्छ भन्नेबारे पनि अध्ययन भएको छ।"

नेपाल अतिकम विकसित मुलुक (एलडिसी)बाट स्तरोन्नतिको चरणमा छ। स्तरोन्नतिपछि एलडिसीका रूपमा अहिले पाइरहेका के कस्ता सुविधाको कटौती हुन्छन् र त्यसबाट पर्न सक्ने सम्भावित असर व्यवस्थापन कसरी गर्ने भन्नेबारे विस्तृत योजनासहित स्मुथ ट्रान्जिशन स्ट्राटेजी ल्याइएको हो। एलडिसी ग्राजुएशनका लागि नेपालले पाएको सन् २०२६ सम्मको तयारी अवधिभित्र यस्ता क्षेत्र पहिचान र असर व्यवस्थापनका लागि काम गरिसक्नुपर्नेछ।

मुख्यतः अन्तर्राष्ट्रिय व्यापार, विकास सहायता परिचालनलगायत क्षेत्रमा स्तरोन्नति अघि र पछिको अवस्था फरक हुनेछ। अन्तर्राष्ट्रिय व्यापार तथा विकास सहायता परिचालनसँगै शिक्षा, स्वास्थ्य, जलवायु परिवर्तन, प्रविधि हस्तान्तरण, बौद्धिक सम्पत्तिको अधिकारका क्षेत्रमा पनि स्तरोन्नतिको असर देखिनेछ।

आयोगले सार्वजनिक गरेको 'स्मुथ ट्रान्जिशन स्ट्राटेजी' प्रतिवेदन अनुसार अतिकम विकसित मुलुकबाट स्तरोन्नति भएपछि नेपालले अहिले पाइरहेका विभिन्न व्यापारसम्बन्धी सुविधा गुम्ने भएकाले निर्यातमा चार दशमलव तीन प्रतिशतले गिरावट आउन सक्ने अनुमान गरिएको छ।

त्यस्तै, समग्र व्यापार क्षेत्रको वृद्धिदरमा शून्य दशमलव १२ र समग्र आर्थिक वृद्धिदरमा शून्य दशमलव ००६ प्रतिशतले घट्ने अनुमान गरिएको छ। त्यसैगरी, करीब ११ हजार चार सय व्यक्ति अर्थात् कुल बेरोजगार सङ्ख्याको शून्य दशमलव १६१ प्रतिशत बेरोजगारी स्तरोन्नतिका कारण सिर्जित हुन सक्ने अनुमान गरिएको छ।

"अन्तर्राष्ट्रिय व्यापार केन्द्र (आइटिसी)ले गरेको अध्ययन अनुसार सन् २०२६ सम्ममा नेपालले अमेरिकी डलर एक अर्ब ३७ करोड २० लाख बराबर रहने अनुमान गरिएको तर अतिकम विकसित मुलुकका रूपमा नरहँदा अमेरिकी डलर पाँच करोड ९० लाख अर्थात् त्यो बेलाको अनुमानित निर्यातको चार दशमलव तीन प्रतिशत घटेर अमेरिकी डलर एक अर्ब ३१ करोड ३० लाख बराबर मात्रै हुनेछ," स्मुथ ट्रान्जेशन स्ट्राटेजीमा भनिएको छ, "युरोपियन युनियन, टर्की, चीन, संयुक्त अधिराज्य, क्यानडा, जापान, संयुक्त राज्य अमेरिकासँगको निर्यात व्यापारमा असर पर्नेछ।"

त्यसैगरी, स्तरोन्नतिबाट नेपालले अहिले पाइरहेको आधिकारिक वैदेशिक सहायता (ओडिए)मा पनि सामान्य प्रभाव पर्नेछ। यद्यपि विकास सहायताप्राप्ति द्विपक्षीय राजनीतिक तथा ऐतिहासिक तथा भूराजनीतिकजस्ता सम्बन्धले निर्धारण गर्ने र दातृ निकायले सम्बन्धित मुलुकको गरीबी, बजार आकार, मानवीय आवश्यकतालगायत विषयलाई हेर्ने भएकाले ठूलो असर नपर्ने जनाइएको छ।

द्विपक्षीय दातृ निकायबाट नेपालले अहिले पाउँदै आएको सहुलियतपूर्ण ऋण र अनुदान सुविधामा सामान्य मात्र प्रभाव पर्नेछ। "भारत र चीन नेपालका दुई ठूला द्विपक्षीय विकास साझेदार हुन्। यी देशसँगको विकास साझेदारीलाई अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुनु वा नहुनुले असर गर्दैन," स्ट्राटेजीमा भनिएको छ, "तर जापान, दक्षिण कोरिया, जर्मलीलगायत देशबाट हुने विकास साझेदारी अतिकम विकसित मुलुकलाई केही प्राथमिकता र सहुलियत दिइन्छ।" जर्मनीले अतिकम विकसित मुलुकलाई सहुलियत दरको ऋण उपलब्ध गराउँछ भने जापानले पनि न्यून आय भएका अतिकम विकसित मुलुकलाई सहुलियतपूर्ण ऋण सुविधा उपलब्ध गराउँछ। स्तरोन्नतिपछि नेपालले पनि उच्चदरको ब्याजदरसहितको ऋण लिनुपर्नेछ र अहिले पाइरहेको ग्रेस अवधि पनि छोटो पाउनेछ।

अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ), एशियाली विकास बैंक (एडिबी), विश्व बैंक, इन्टरनेशनल बैंक फर रिकन्स्ट्रक्सन एन्ड डेभलपमेन्ट (आइबिआरडी)लगायत बहुपक्षीय विकास साझेदार र दातृ निकायले मुलुकको स्तरोन्नतिको अवस्थाभन्दा पनि प्रतिव्यक्ति आयको अवस्था हेरेर सहुलियत दरको ऋण तथा अनुदान उपलब्ध गराउँछन् तर इन्ह्यान्स्ड इन्टिग्रेटेड फ्रेमवर्क (इआइएफ), अतिकम विकसित मुलुकहरूको कोष, युएन टेक्नोलोजी बैंक फर लिस्ट डेभलप्ड कन्ट्रिज, इन्भेस्टमेन्ट सपोर्ट प्रोग्राम फर एलडिसीलगायत कोष तथा कार्यक्रमबाट भने स्तरोन्नतिपछि नेपालले सुविधा पाउनेछैन।

सन् २०२३ मार्च ५ देखि ९ तारिखसम्म कतारको दोहामा चलेको अतिकम विकसित राष्ट्रहरूको पाँचौं शिखर सम्मेलनपछि यो फोरमको अध्यक्षता नेपालले गरिरहेको छ। एलडिसी फोरमको अध्यक्ष राष्ट्र भएका कारण पनि नेपालले स्तरोन्नति चरणको सङ्क्रमणकालीन अवधि र स्तरोन्नतिपछिको कार्यदिशा कसरी तयार पार्छ र कस्तो रणनीतिक अघि सार्छ भनेर अन्तर्राष्ट्रिय द्विपक्षीय तथा बहुपक्षीय दातृ निकायहरूले पनि चासोका साथ हेरिरहेका छन्।

अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा सबैभन्दा बढी प्रभावित हुने क्षेत्र अन्तर्राष्ट्रिय व्यापार हो। विश्व व्यापार सङ्गठन (डब्ल्युटिओ)को प्रावधान अनुसार एलडिसीका रूपमा नेपाली वस्तु तथा सेवाले अन्तर्राष्ट्रिय बजारमा पाउने प्राथमिकता र सुविधा गुमाउनेछन्। स्तरोन्नतिको सङ्क्रमणकालीन अवधिपछि डब्ल्युटिओले प्रदान गरेका अन्तर्राष्ट्रिय व्यापार, बौद्धिक सम्पत्तिलगायत सहुलियत बन्द हुनेछन्, जसकारण नेपालको निर्यात घट्ने ठानिएको छ तर यस्ता सुविधा जोगाइराख्न नेपालले अन्तर्राष्ट्रिय व्यापारका लागि नयाँ क्षेत्र तथा बजार पहिचान र व्यापारको विविधीकरण आवश्यक रहेको छ। त्यस्ता सुविधाको निरन्तरताका लागि युरोपियन युनियनलगायत निकायहरूसँग नेपालले पहल गर्नुपर्ने देखिन्छ।

नेपालको वैदेशिक व्यापारमा ठूलो हिस्सा जोडिएको भारतसँगको व्यापारमा भने यसको त्यति ठूलो असर देखिनेछैन। नेपाल र भारतबीचको व्यापार द्विदेशीय सन्धि अनुसार चलिरहेका कारण न्यून असर देखिनेछ। दक्षिण एशियाली स्वतन्त्र व्यापार क्षेत्र (साफ्टा), विमस्टेकलगायत क्षेत्रीयरूपमा व्यापार सम्झौता गरिएका देशमा भने यसको केही असर देखिनेछ। यद्यपि भारतले साफ्टा सदस्य राष्ट्रहरूमा अतिकम विकसित र अन्य मुलुकका लागि फरक भन्सार दर कायम गर्ने गरेको छ। नेपालले भारतमा निर्यात गर्ने प्रशोधित सोयाबिन र पाम तेल त्यसको उदाहरणका रूपमा लिन सकिन्छ। साफ्टामा रहेका अतिकम विकसित मुलुकका लागि भारतले यी वस्तुमा शून्य भन्सार लगाउँछ तर साफ्टाभित्रकै अतिकम विकसितबाहेकका मुलुकका लागि सोयाबिन तेलमा २५ प्रतिशत र पाम तेलमा ५४ प्रतिशत भन्सार लाग्ने गरेको छ। अहिले नेपालले निर्यात गरिरहेका वस्तुहरूको सूचीका पाम र सोयाबिन तेल पहिलो र दोस्रो स्थानमैं पर्छन्। नेपालको आफ्नै उत्पादन नभए पनि कच्चा वस्तु प्रशोधन गरी मूल्य अभिवृद्धि (भ्यालु एड) गरेर निर्यात गरिरहेका यी वस्तु प्रभावित हुने देखिन्छ।

योजना आयोगको एक अध्ययन अनुसार एलडिसीका रूपमा नेपालले अस्ट्रेलिया, न्युजिल्यान्ड, नर्वे र स्वीट्जरल्यान्डमा शतप्रतिशत 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेको छ। क्यानडामा दुग्धजन्य र मासुजन्यबाहेक अरू वस्तुले 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेका छन्। हाल क्यानडामा निर्यात भइरहेका ९८ दशमलव छ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री' सुविधामा गइरहेका छन्।

नेपालले अहिले छिमेकी मुलुक चीनमा रसायन (केमिकल्स), सवारीसाधन तथा मेशिनरी, विद्युतीय सामग्री तथा कागजजस्ता वस्तुबाहेकमा 'ड्युटी फ्री, कोटा फ्री'को सुविधा पाइरहेको छ। चीनमा निर्यात हुने ९६ दशमलव छ प्रतिशत वस्तुहरू 'ड्युटी फ्री, कोटा फ्री' अन्तर्गत पर्छन्।

त्यस्तै, भारतमा ९५ प्रतिशत वस्तु 'ड्युटी फ्री, कोटा फ्री'मा गइरहेका छन्। भारतले प्लास्टिक, कफी, चिया, अल्कोहलजन्य वस्तु, सुर्ती र खाद्यवस्तुमा बाहेक 'ड्युटी फ्री, कोटा फ्री' सुविधा दिइरहेको छ। युरोपियन युनियन अन्तर्गतका देशहरूमा हातहतियारबाहेकका सबै वस्तुमा नेपालले 'ड्युटी फ्री, कोटा फ्री' सुविधा पाइरहेको छ। अमेरिकाले कपडाजन्य वस्तु, जुत्ताचप्पल, दुग्धजन्य र मासुजन्यबाहेकका ८२ प्रतिशत वस्तुमा 'ड्युटी फ्री, कोटा फ्री' सुविधा दिन्छ।

त्यस्तै, टर्कीले फलामजन्य वस्तु, खाद्यवस्तु, मासु, तेलजन्यबाहेकका ८० प्रतिशत वस्तुमा 'ड्युटी फ्री, कोटा फ्री' सुविधा दिइरहेको छ। स्तरोन्नतिपछि नेपालले कृषिजन्य वस्तुको निर्यातमा अनुदान दिन पाउनेछैन। गैरकृषिजन्य

(बाँकी अन्तिम पातामा)

### रानीघाट-पोखरिया बस समिति

| | |
|---|---|
| भिस्वा- | बिहान ७:४० बजे |
| भिस्वा- | बिहान १०:०० बजे |
| भिस्वा- | मध्याह्न १२:०० बजे |
| भिस्वा- | दिउँसो १:३० बजे |
| दसौता- | दिउँसो २:३० बजे |
| सेढवा- | दिउँसो ३ बजे |
| देउरिया- | दिउँसो ३:१५ बजे |
| भिस्वा- | दिउँसोः ३:४० बजे |

### पर्वतको ...

समुदायमा तयार गरिएको मदिराको छुट्टाछुट्टै नमूना सङ्कलन गरिएको छ।

सङ्कलन गरिएका नमूनामा अल्कोहलको मात्रा पत्ता लगाएर खानयोग्य मदिरामा अल्कोहलको मात्रा खुलाई ब्रान्डिङ गर्न सिफारिश गरिने सर्त नेपालले जनाएको छ। ब्रान्डिङ भएपनि अहिले अवैधरूपमा उत्पादन हुँदै आएको मदिरालाई व्यवस्थितरूपमा उद्योग सञ्चालन गरी उत्पादन अनुमति प्रदान गरिने भएको छ।

महाशिला गाउँपालिकाका छवटै वडामा लुकीछिपी घरेलु मदिरा उत्पादन र बिक्री वितरण हुँदै आएको छ। यसको ब्रान्डिङ गर्न सके पालिकाको राजस्व वृद्धि हुनुका साथै स्वरोजगारका अवसर वृद्धि हुने पालिकाको विश्वास छ।

# उच्च प्रभाव सामुदायिक विकास परियोजनाको शिलान्यास

प्रस, वीरगंज, २८ वैशाख/

पाटन नगरपालिकाका प्रमुख गौरी सिंह रावल र काठमाडौंस्थित भारतीय राजदूतावासका प्रथम सचिव अविनाशकुमार सिंहले 'नेपाल–भारत विकास सहकार्य' अन्तर्गत भारत सरकारको नेरु ३.१०५ करोड आर्थिक सहयोगमा बैतडी जिल्लाको पाटन नगरपालिका–४ मा निर्माण हुने भूमेश्वर माध्यमिक विद्यालयको भवनको शुक्रवार संयुक्तरूपमा शिलान्यास गरेका छन् ।



तस्वीरः सौजन्य

'नेपाल–भारत विकास सहकार्य' अन्तर्गतको भारत सरकारको अनुदान सहयोग विद्यालयलाई आवश्यक अन्य सुविधासहितको दुई तले विद्यालय भवन ब्लक–ए र ब्लक–सीको निर्माणमा उपयोग गरिने कार्यक्रममा जानकारी गराइएको थियो ।

नगरप्रमुख रावलले प्राथमिकताका क्षेत्रमा नेपाली जनताको उन्नतिका लागि भारत सरकारले पुऱ्याउँदै आएको निरन्तर विकास सहयोगको प्रशंसा गरे ।

उनले विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका लागि गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयका नयाँ भवन उपयोगी हुनुका साथै यसले सिकाइका लागि राम्रो वातावरण सिर्जना गर्ने बताए ।

कार्यक्रममा राजनीतिक प्रतिनिधि, सरकारी अधिकारी, समाजसेवी, विद्यालय व्यवस्थापन समितिका प्रतिनिधि, शिक्षकशिक्षिका, अभिभावक तथा विद्यार्थीहरूको सहभागिता थियो ।

## एलडिसी ...

वस्तुको निर्यातमा दिइने अनुदानमा पनि कटौती हुनेछ । प्रतिव्यक्ति कुल राष्ट्रिय आय (जिएनआई) एक हजार डलरभन्दा कम भएका मुलुकका लागि भने गैरकृषिजन्य वस्तुमा निर्यातमा अनुदान पाउन सक्छन् तर अतिकम विकसित मुलुकबाट स्तरोन्नति हुँदा प्रतिव्यक्ति आयको शर्त पनि रहने भएकाले यो अवस्था स्वतः सकिन्छ ।

यद्यपि कृषिजन्य वस्तुको नेपालभित्र हुने आन्तरिक व्यापारमा दिइने अनुदानमा भने यस्तो व्यवस्था कायम हुनेछैन । स्तरोन्नतिपछि गैरकृषिजन्य स्थानीय वस्तुमा पनि अनुदान दिन पाइनेछैन । नेपालले स्तरोन्नतिकै चरणमा यस्ता अनुदानहरू उपलब्ध गराएको/नगराएको जानकारी गराउनुपर्नेछ तर सेवा क्षेत्रमा सरकारबाट पाइरहेको सुविधामा भने फरक पर्नेछैन ।

नेपालले निर्यात गुमाउँदा त्यसको असर रोजगार सिर्जना र मुलुकको कुल गार्हस्थ्य उत्पादनमा पनि देखिनेछ । नेपाल उद्योग वाणिज्य महासङ्घको एक तथ्याङ्क अनुसार अहिले कपडा, कार्पेट र पस्मिना क्षेत्रमा दुई लाख ६२ हजारभन्दा बढी कामदार कार्यरत छन् । निर्यातमा चार दशमलव तीन प्रतिशतले कमी आउँदा यी क्षेत्रमा मात्र १० हजार पाँच सय श्रमिकले रोजगार गुमाउने अनुमान गरिएको छ । यस्ता उद्योगहरूमा महिला कामदार बढी हुन्छन्, जुन मानव पूँजी विकाससँग जोडिएको विषय हो । यसरी निर्यात घट्दा त्यसले आर्थिक वृद्धिदरमा पनि केही असर गर्नेछ । सँगसँगै डब्ल्युटिओ र क्षेत्रीय सङ्गठनमा आबद्ध देशहरूसँगको व्यापारलाई थप खुला र उदार बनाउँदै लैजानुपर्ने हुन्छ, जसका कारण नेपाली उत्पादनले अन्य देशका उत्पादनसँग प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ ।

बौद्धिक सम्पत्तिको अधिकार अर्को प्रभावित हुने क्षेत्र हो । योजना आयोगका अनुसार स्तरोन्नतिपछि नेपालले 'एग्रिमेन्ट अन ट्रेड रिलेटेड एस्पेक्ट्स अफ इन्टेलेक्चुअल प्रोपटी राइट' (ट्रिप्स एग्रिमेन्ट) अन्तर्गतका सुविधाहरू पाउनेछैन, जसका कारण औषधिजन्य उत्पादनमा नेपालका कम्पनीहरूले प्रयोग गर्दै आएका विदेशी कम्पनीका प्याटेन्ड, डिजाइन, कपिराइट र सेक्रेट फर्मुलालगायत सुविधा कसिलो हुनेछन् । अथवा त्यस्तो अधिकार नै गुमाउनुपर्ने हुन सक्छ ।

प्रविधि हस्तान्तरणका क्षेत्रमा पनि एलडिसी ग्राजुएशनको केही असर देखिनेछ । विकसित देशहरूले आफ्नो क्षेत्रका उद्यम र संस्थाहरूमा प्रविधि हस्तान्तरणका लागि निश्चित प्रतिशत लगानी गर्छन् । स्तरोन्नतिपछि उदारीकरणसँग सम्बन्धित प्रतिबद्धता नेपालले पनि पालना गर्नुपर्नेछ । त्यस्तै, स्पेशल एन्ड डिफ्रेन्सियल (एड एन्ड डी) भनिने सुविधाहरू गुमाउनेछ ।

नेपाल सन् १९७१ देखि संयुक्त राष्ट्रसङ्घको अतिकम विकसित मुलुकहरूको सूचीमा छ । पछिल्लो ५३ वर्ष अवधिमा नेपालले आफ्नो यो हैसियत उकास्न सकेको छैन । एलडिसीबाट स्तरोन्नतिका लागि नेपालले सन् २०१५ मैं प्रक्रिया थालेको थियो । त्यसको तीन वर्षपछि २०१८ मा समीक्षा गर्दा भूकम्पपछिको पुनर्निर्माणको चरणमा भएकाले केही समय थप रोकियो । सन् २०२१ नोभेम्बर २४ मा संयुक्त राष्ट्रसङ्घको ७६औं महासभा (जेनेरल एसेम्बली)ले तीनवटा एशियाली मुलुक नेपाल, बङ्गलादेश र लाओसलाई पाँच वर्षको तयारी अवधि दिएर अतिकम विकसित देशको सूचीबाट स्तरोन्नति गर्ने प्रस्ताव अनुमोदन गरेको थियो ।

### आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | नेपाल बीमा प्राधिकरण | रक्तदान | आदर्शनगर | ७:०० |
| २. | आदर्श विद्यालय | रक्तदान | वीरगंज–३१ बेलवा | ८:०० |


## बालमैत्री वातावरण बनाऔं

**बालबालिकालाई**:

- सजिलै खोलेर खान सक्ने पानीको बोतल र टिफिन बक्स दिऔं,
- विद्यालय जाँदा–आउँदा छोड्ने र लिने स्थानको जानकारी गराऔं,
- खाने तरीका र अनावश्यक वस्तुहरू डस्टबिनमा फाल्न सिकाऔं,
- लगाउन र फुकाल्न सजिलो हुने लुगा एवं जुत्ता दिऔं,
- सहज शौचालयको व्यवस्था गरौं,
- अभिभावकबाहेक अन्यले लिन जाने भए विद्यालयलाई जानकारी दिऔं,
- अकस्मात् केही पर्दा सम्पर्कका लागि कम्तीमा दुईवटा टेलिफोन नम्बर विद्यालयलाई उपलब्ध गराऔं,
- बालबालिकाले प्रयोग गर्ने सामानमा नाम लेख्ने गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड





# खेलकूदको संसार

## मेयरकप टी–२० क्रिकेट प्रतियोगिता विन्ध्यवासिनी र कालिकामाई विजयी

सुग्रीव साह, भिस्वा, २८ वैशाख/

छिपहरमाई गाउँपालिकाको सहयोगमा युवा समाज भिस्वाद्वारा आयोजित मेयरकप टी–२० क्रिकेट प्रतियोगिता अन्तर्गत




शुक्रवार दुईवटा खेल सम्पन्न भए ।

आज भएको पहिलो खेलमा टस हारेर पहिला ब्याटिङ गर्दै सखुवाप्रसौनी गापाले सबै विकेट गुमाएर ११२ रन बनाएको थियो । यो खेल १६ ओभरको खेलाइएको आयोजक कमिटीका मनोज पटेलले बताए । प्रतिउत्तरमा विन्ध्यवासिनी गापाले १६ ओभरमा छ विकेट गुमाएर ११५ रन बनाइ जीत हासिल गऱ्यो । यस खेलको 'म्यान अफ दी म्याच' विन्ध्यवासिनी गापाका सुरेश यादव घोषित भए ।

दोस्रो खेलमा कालिकामाई गापाले धोबिनी गापालाई ३२ रनअन्तरले पराजित गऱ्यो । पहिला ब्याटिङ गर्दै निर्धारित २० ओभरको खेलमा कालिकामाईले सबै विकेट गुमाएर १५८ रन बनाएको थियो । प्रतिउत्तरमा धोबिनी गापा सबै विकेट गुमाएर १२६ रनमा सीमित भयो । दोस्रो खेलको 'म्यान अफ दी म्याच' कालिकामाईका निमेश पटेल घोषित भए । भोलि शनिवार पनि दुईवटा खेल हुनेछन् । पहिलो खेल भिस्वा र पकाहामैनपुर गापाबीच हुनेछ भने दोस्रो खेल छिपहरमाई गापा र वीरगंज महानगर–२६ अठराहा सुगौलीबीच हुने आयोजक कमिटीका मनोज पटेलले बताए । मेयरकप टी–२० क्रिकेट प्रतियोगिता वैशाख २५ गतेदेखि शुरू भएको हो । उद्घाटनको दिन पानी परेपछि खेल स्थगित भएको थियो र आजदेखि शुरू भएको हो ।

## क्रिकेटका अर्जुन र तेक्वान्दोकी सुस्मिता उत्कृष्ट खेलाडी घोषित

कास्की, २८ वैशाख/रासस

क्रिकेटका अर्जुन कुमाल र आइटिएफ तेक्वान्दोकी सुस्मिता थापामगरले वर्ष उत्कृष्ट खेलाडीको अवार्ड जित्न सफल भएका छन् । नेपाल खेलकूद पत्रकार मञ्च गण्डकीले शुक्रवार पोखरामा आयोजना गरेको आठौं संस्करणको पोखरा स्पोर्ट्स अवार्डमा पुरुषतर्फ अर्जुन र महिलातर्फ सुस्मिता वर्ष खेलाडी घोषित हुँदै जनही एक/एक थान स्कूटी, ट्रफी र मेडल पुरस्कार प्राप्त गरे ।

वर्ष उत्कृष्ट पुरुष खेलाडीको मनोनयनमा अर्जुनसहित भलिबलका हिमाल सुनारी र टेनिसका प्रदीप खड्का परेका छन् । यसैगरी, उत्कृष्ट प्रशिक्षकको अवार्ड भलिबलका रमेश केसीले प्राप्त गरे । उनले नगद रु ३५ हजारसहित ट्रफी पाए ।

यसैगरी, १७ वर्षमुनिका खेलाडीबीच प्रतिस्पर्धा हुँदा उदीयमान खेलाडी विधाको अवार्ड ब्याडमिन्टनकी दिलासा रानामगरले प्राप्त गरिन् । उनले अवार्डसँगै नगद रु ३५ हजार र ट्रफी र मेडल पाइन् ।

यसैगरी, 'लाइफटाइम अचिभमेन्ट अवार्ड' एथलेटिक्सका प्रशिक्षक इन्द्रा मल्लले प्राप्त गरे । उनलाई चाँदीको करुवा, ट्रफी, ताम्रपत्र र दोसल्लाले सम्मान गरिएको थियो । वर्ष उत्कृष्ट खेल संस्था वा क्लबतर्फको अवार्डबाट सहारा क्लब पोखरा सम्मानित भयो ।

यसैगरी, वर्ष उत्कृष्ट खेल पत्रकारतर्फको अवार्डबाट पत्रकार रोहितराज पराजुली सम्मानित भए । वर्ष उत्कृष्ट खेलकूद सङ्घसंस्था वा क्लब र वर्ष उत्कृष्ट पत्रकारतर्फका अवार्ड विजेताले नगद रु ३५ हजारका साथमा अवार्ड पुरस्कार पाए ।

यसैगरी, ओलम्पियन खेलाडी नारायण गुरुङ र टेनिसको अन्तर्राष्ट्रिय वरीयताप्राप्त खेलाडी अभिषेक बाँस्तोलालाई विशेष अवार्डबाट सम्मान गरिएको थियो । मञ्चले विभिन्न सात विधामा अवार्ड वितरण गरेको थियो ।

खेलकूद क्षेत्रमा लागेर देशका लागि योगदान दिने खेलाडी, खेल सङ्घसंस्थालगायतलाई प्रोत्साहित गर्नका लागि मञ्चले हरेक वर्ष अवार्ड प्रदान गर्दै आएको छ । खेलकूद विधामा कलम चलाउँदै आएका ७४ जना पत्रकार मञ्चमा आबद्ध छन् ।

## रारा कप कबड्डीको उपाधि सुर्खेतलाई

सुर्खेत, २८ वैशाख/रासस

कर्णाली प्रदेशको प्रमुख पर्यटकीय स्थल मुगुको राराताल किनारमा सम्पन्न कर्णाली प्रदेशस्तरीय रारा कप खुला महिला र पुरुष कबड्डी प्रतियोगिताको दुवैतर्फको उपाधि सुर्खेतले जितेको छ । शुक्रवार सम्पन्न फाइनल खेलमा पुरुषतर्फ दैलेखलाई तथा महिलातर्फ सल्यानलाई हराउँदै सुर्खेतले उपाधि हात पारेको हो ।


तस्वीरः रासस

पुरुष फाइनलमा सुर्खेतले ४७ अङ्क तथा दैलेखले २९ अङ्क प्राप्त गऱ्यो । यस्तै, महिलातर्फ सुर्खेतले २९ तथा सल्यानले २७ अङ्क प्राप्त गरेका थिए । पुरुषतर्फ जाजरकोट र सल्यान तृतीय भए । महिलातर्फ जाजरकोट र कालीकोट तृतीय भए ।

प्रतियोगितामा पुरुषतर्फ कर्णाली प्रदेशका हुम्लाबाहेक नौ जिल्लाको टोली तथा महिलातर्फ डोल्पा, हुम्ला र रूकुम पश्चिमबाहेकका सात जिल्ला सहभागी थिए । प्रतियोगिता तीन दिनसम्म चलेको थियो ।

कर्णाली प्रदेश खेककूद विकास परिषद्को आर्थिक सहयोग तथा मुगु जिल्ला खेलकूद विकास समितिको आयोजनामा रारा तालको किनारमा पहिलोपटक कर्णाली प्रदेशस्तरीय महिला तथा पुरुष कबड्डी प्रतियोगिता आयोजना गरिएको हो ।

## द स्काइ भ्यू लन्ज एन्ड बार रेस्टुरेन्ट सञ्चालनमा

प्रस, परवानीपुर, २८ वैशाख/

वीरगंज महानगरपालिका–६ लोहारपट्टि चोकमा द स्काइ भ्यू लन्ज एन्ड बार रेस्टुरेन्ट सञ्चालनमा आएको छ । शुक्रवार नगरप्रमुख राजेशमान सिंहले सो रेस्टुरेन्टको उद्घाटन गरेका थिए ।

उनले आर्थिक मन्दीका बीच व्यवसाय सञ्चालन चुनौतीपूर्ण भएपनि रेस्टुरेन्टहरू खुल्ने, बन्द हुने क्रम नरोकिएको बताए । व्यवस्थित तरीकाले रेस्टुरेन्ट सञ्चालन गरेको खण्डमा अहिले पनि वीरगंजमा रेस्टुरेन्टहरूको माग बढ्दो रहेको उनले बताए । ग्राहकलाई सुविधा दिने र कम मुनाफा लिने रेस्टुरेन्टहरू दीर्घकालीनरूपमा सञ्चालन भएका र थोरै समयमा धेरै नाफा लिने रेस्टुरेन्टहरू बन्द भएको बताए ।

रेस्टुरेन्ट सञ्चालक वीरगंज–२५ मौजेटोलका मुकेश कुर्मीले आफू निर्माण व्यवसायीबाट होटल व्यवसायमा आकर्षित भएको बताए । उनले आफ्नोलागि यो व्यवसाय नयाँ र चुनौतीपूर्ण भएको र यसलाई सफल पार्ने बताए । उनले तत्काल एक करोड रुपैयाँको लागतमा रेस्टुरेन्ट सञ्चालनमा ल्याएको र अहिले प्रत्यक्षरूपमा २० जनाले रोजगार पाएको बताए ।